
# जनता समाजवादी पार्टी, नेपाल

## एकताको राष्ट्रिय महाधिवेशन

(२०८१ जेठ २८, २९ र ३० गते)

जनकपुरधाम



# राजनीतिक प्रतिवेदन मस्यौदा

# जनता समाजवादी पार्टी, नेपाल

## एकताको प्रथम राष्ट्रिय महाधिवेशन

## (२०८१ जेठ २८, २९ र ३० गते)

## जनकपुरधाममा

## प्रस्तुत पार्टीको राजनीतिक प्रतिवेदनको मस्यौदा

प्रिय मित्रहरू !

हाम्रो गौरवमय ऐतिहासिक पार्टी जनता समाजवादी पार्टी, नेपालको विधान अधिवेशनद्वारा निर्माण गरिएको पार्टीको विधानअन्तर्गत गरिएको व्यवस्थाबमोजिम आज हामी पार्टीको एकताको प्रथम राष्ट्रिय महाधिवेशनमा उपस्थित भएका छौं । सर्वप्रथम म सम्पूर्ण प्रतिनिधि/पर्यवेक्षक साथीहरूलाई महाधिवेशनमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु । साथै यस महत्त्वपूर्ण घडीमा देशको लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, ऐतिहासिक मधेश जनविद्रोह, आदिवासी जनजाति, थारू, मुस्लिम, खस, दलित, महिलालगायतका सबै खाले आन्दोलनमा आत्म-उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय अमर वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । अमर शहीदहरूको प्रेरणाले हामीलाई अविचलित रूपमा लक्ष्यतर्फ अगाडि बढ्न मार्गदर्शन गरिरहने छ । र, वहाँहरूको सपना पूरा गर्न पार्टीको तर्फबाट दृढसङ्कल्प व्यक्त गर्दछु । क्रान्तिकारी परिवर्तनको यात्रामा सहभागिता, त्याग र बलिदानका गाथाहरू सिर्जना गर्ने घाइते, अपाङ्गता भएका तथा बेपत्ता भएका व्यक्तिका परिवारजनसहित समस्त क्रान्तिकारी तथा न्यायप्रेमी जनताप्रति उच्च सम्मान र अभिवादन गर्दछु ।

मधेशी जनअधिकार फोरम, नेपाल, सङ्घीय समाजवादी पार्टी र खस राष्ट्रिय पार्टीबीच एकीकरण भई सङ्घीय समाजवादी फोरम, नेपाल गठन भयो । सङ्घीय समाजवादी फोरम, नेपाल र नयाँ शक्ति पार्टी, नेपालबीच एकीकरण भई समाजवादी पार्टी र त्यसपछि पुनःसमाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी, नेपालबीच एकीकरण भई जनता समाजवादी पार्टी, नेपालको निर्माण भएको छ । यसका अतिरिक्त विभिन्न राजनीतिक दल/संगठनहरूसमेत एकीकरणको अभियानमा समावेश भएका छन् ।

जनता समाजवादी पार्टी, नेपालको निर्माण पहिचान र समावेशीताको अन्तरसम्बन्धलाई स्थापित गर्दै राष्ट्रलाई सुस्पष्ट ढङ्गले वैचारिक मार्गदर्शन गर्न, सबै खाले विभेदको अन्त्य गर्न, लोकतन्त्र, सङ्घीयता, सामाजिक न्यायका साथै समान अधिकारहरूको स्थापनार्थ जनआन्दोलन, जनसङ्घर्ष र जनविद्रोहको विकास गर्न, शोषित/उत्पीडित/उपेक्षित जनसमुदायलाई राजनीतिक रूपमा सचेत र संगठित गर्न राजनीतिक शक्ति सन्तुलनमा फेरबदल ल्याउन, आर्थिक विकास, सुशासन, समृद्धि, समाजिक न्याय र समाजवादको नेतृत्व गर्न यो एकताले कोशे ढुंगाको काम गर्नेछ । यो रूपमा एकीकरण जस्तो देखिए पनि सारमा समान विचार, सिद्धान्त, एजेण्डा र उद्देश्य भएका राजनीतिक संगठनहरूको एकता हो । तसर्थ हामी पूर्व पार्टीको भावनाबाट प्रभावित हुनुको सट्टा हामीमा एकीकृत पार्टी भावना, एकीकृत पार्टी निष्ठा तथा एकीकृत पार्टी दृष्टिकोण हुनुपर्दछ ।

नेपाली राजनीतिमा जरो गाडिएका सामन्तवादी, पुँजीवादी र साम्यवादी शक्तिहरूको विकल्पमा समाजवादी लोकतान्त्रिक धारको सबल र सक्षम क्रान्तिकारी समाजवादी शक्ति निर्माण गरी देशलाई सही अर्थमा लोकतन्त्र, सङ्घीयता, गणतन्त्र, सुशासन, समृद्धि, सामाजिक न्याय र समाजवादी लोकतन्त्रको युगमा प्रवेश गराउने हाम्रो संकल्प र प्रतिबद्धतालाई पूरा गर्न अझै धेरै यात्रा तय गर्न बाँकी छ । अझ धेरै ध्रुवीकरण र एकीकरण प्रक्रियाबाट गुज्रिनु पर्ने हुन्छ । देशलाई लोकतन्त्र, पहिचानमा आधारित सङ्घीयता, सुशासन, समृद्धि, सामाजिक न्याय र समाजवादको यात्रामा प्रवृत्त गराउने कार्यभारमा आधारित भएर नयाँ एकता, एकीकरण र ध्रुवीकरणको प्रयासलाई निरन्तर जारी राखिरहनुपर्दछ ।

## १. अन्तर्राष्ट्रिय परिस्थिति र वैचारिक प्रश्न

वर्तमानको अन्तर्राष्ट्रिय परिस्थिति र वैचारिक प्रश्नसम्बन्धी चर्चा-परिचर्चा गर्दा सन् १९९० को दशकमा पूर्वी युरोपमा एकदलीय कम्युनिस्ट शासनको पतन र सोभियत सङ्घको विघटनसँगै शीतयुद्धको अन्त्य भयो । परम्परागत साम्यवादी सोच र राज्य केन्द्रित समाजवादको अभ्यासको विफलता थियो । त्यो घटना एक्काइसौं शताब्दीको Marxist Leninist orthodox साम्यवादी अभ्यास असान्दर्भिक भएको प्रष्ट रूपमा पुष्टि हुन गयो । अर्कोतर्फ उदारवादी/पुँजीवादी संसदीय लोकतान्त्रिक प्रणालीको दिग्विजयको डंका पिटियो । विश्व व्यापार सङ्घको गठनले आर्थिक उदारीकरण, बजारीकरण र भूमण्डलीकरण झनै तीव्र हुने, एकध्रुवीय विश्वको उदय हुने, युरोपियन युनियनको गठन, युरो मुद्राको प्रचलन आदि कारणले युरोप 'बहुराष्ट्रिय-राज्य' का रूपमा विकसित हुने, युरोपको एकीकरण एकध्रुवीय विश्व प्रणालीको सहयोगी बन्ने, चीन झनै प्रतिरक्षात्मक हुने जस्ता आंकलन गरिए । मूलतः पुँजीवादी चिन्तनबाट आएका यस्ता व्याख्या र विश्लेषण पनि उत्तिकै असत्य सिद्ध भए ।

विश्व व्यापार सङ्घको गठनपश्चात् पनि विश्वअर्थतन्त्रको ढाँचा र प्रवृत्तिमा कुनै प्रकारको उल्लेखनीय परिवर्तन आएन । त्यो तेस्रो विश्वका अल्पविकसित राष्ट्रहरूको आर्थिक विकासमा सहयोगी हुने सकेन । निजीकरण, उदारीकरण र भूमण्डलीकरणको वकालत गर्ने अमेरिका आफैँले विभूमण्डलीकरणको अभ्यास गर्न थाल्यो । वेलायत युरोपियन युनियनबाट अलग भए । स्पेनमा क्याटलोनियाको समस्या देखियो । वेल्जियम सङ्घीय ढाँचामा बदलियो । अफ्रिकी देश सुडानको विखण्डन भयो । इजिप्ट, यमन, ट्युनिसिया, लिवीया, सिरीयालगायत अरब राष्ट्रका घटनाक्रमले लोकतन्त्र, पहिचानको अधिकार, स्वयत्तता र स्वशासनको मोहलाई पुष्टि गऱ्यो । COVID–19 महामारी र रूस युक्रेन युद्धले विश्व अर्थतन्त्रलाई नै नराम्रोसँग प्रभावित गऱ्यो । उदारीकरण, बजारीकरण र भूमण्डलीकरणले मध्यमवर्ग, निम्नवर्ग र विपन्नवर्गको समस्यालाई झन् सङ्कटग्रस्त बनाए । विश्वव्यापी रूपमा आर्थिक असमानता तीव्र रूपमा बढ्दैछ । धनी र गरिबबीचको दूरी झन् बढ्दो छ । पर्यावरणीय संकट, गरिबी, बेरोजगारी, विदेश पलायन, भूखमरी, अशिक्षा, कुपोषण, खाद्यान्नको अभाव र खाद्य सुरक्षा जस्ता समस्याहरू जटिल बन्दै गएका छन् । राजनीतिक प्रणाली, अर्थतन्त्रको ढाँचा र वर्ग संरचना दुवै दृष्टिकोणबाट पुँजीवाद र साम्यवाद अभूतपूर्व रूपले वैचारिक तथा नैतिक संकटमा फसेका छन् । १८ औं शताव्दीको प्रथम औद्योगिक क्रान्तिताका प्रारम्भ भएको वैचारिक ध्रुवीकरण चोथो औधोगिक क्रान्ति, डिजिटल र रोबोटिक्स प्रविधिको युगमा आइपुग्दा अर्थहीन सावित भएका छन् । ज्ञान, विज्ञान र प्रविधिले गरेको अभूतपूर्व विकास र उत्पादनमा आएको परिवर्तनसँगै वैचारिक आयामले पनि कोल्टे फेरेको छ ।

उदारवादी लोकतन्त्रको नाममा संगठित भएको पुँजीवादी राज्यहरू र साम्यवादका नाममा स्थापित राज्य केन्द्रित एकदलीय कम्युनिस्ट सत्ताहरू दुवैका शक्ति केन्द्र र धारका सीमा प्रष्ट भइसकेका छन् । अर्थात् वैचारिक दृष्टिकोणले एकसाथ दुवै प्रणाली उत्तर पुँजीवाद र उत्तर राज्य-समाजवादको युगमा प्रवेश गरिसकेको छ । यो युगको वैचारिक संकटलाई हल गर्न लोकतन्त्र, समानता, सामाजिक न्याय र समाजवादको सोचलाई आधुनिक युगको आवश्यकताअनुरूप नयाँ उचाईमा विकास गर्नुपर्दछ । एक्काइसौं शताब्दी उदारवादी / पुँजीवाद अथवा नवउदारवादी लोकतन्त्र र एकदलीय कम्युनिस्ट शासन प्रणालीको विकल्पमा समाजवादी लोकतान्त्रिक प्रणालीको शताब्दी हुने प्रष्ट भइसकेको छ । यसप्रकार वर्तमानको विश्व परिवेशमा हाम्रो पार्टीले Orthodox Marxism–Leninism र उदारवादी लोकतन्त्रको विकल्पमा समाजवादी लोकतन्त्रलाई वैचारिक र सैद्धान्तिक रूपमा अगाडि सारेको छ । वर्तमानको विश्व परिवेशमा यसलाई समुन्नत समाजवादी लोकतन्त्र पनि भन्न सकिन्छ । यसर्थ हामी यो सिद्धान्तको सही बाटोमा छौं भन्ने कुराको प्रमाण हो ।

## २. नेपालको भू-राजनीतिक विशिष्टता

विश्वको पहिलो र दोस्रो आर्थिक शक्ति एकातिर अमेरिका र चीनबीच विश्वव्यापी प्रतिष्पर्धा र व्यापारिक तनाव र अर्कोतिर भारतको अन्तर्राष्ट्रिय शक्तिको रूपमा क्रमिक उदयले नेपालको भू-राजनीतिक अवस्थिति विशिष्ट बन्दै गएको छ । अमेरिका, युरोपियन युनीयन, भारत र चीनलगायतका ठूला शक्तिहरूको चासो नेपालमा बढ्दै जानु स्वाभाविक छ । हामी भौगोलिक रूपले तीन तिरबाट भारतद्वारा घेरिएका छौँ । हामी सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक एवम् अन्धविश्वास सम्बन्धहरूको जालोले बाँधिएका पनि छौं । कतिपय विश्लेषकहरूले एक्काइसौँ शताब्दीलाई **'एशिया पुनर्उदयको शताब्दी'** हुने बताउँछन् । एसियाको पुनर्उदय भनेको चीन र भारतको भिन्ना-भिन्नै उदय मात्र नभई दुवै देशको भूमिका एकसाथ बढाउनु हो । चीन र भारतबीचको प्रतिष्पर्धा र सहकार्यको सम्बन्धमा बाँधिन बाध्य हुन्छन् ।

नेपालमा भारत, चीन, युरोपियन युनियन र अमेरिकी शक्ति सम्बन्धबीच नेपालले दिगो शान्ति स्थायित्वको लागि गतिशील तटस्थता र सन्तुलित समनिकटताको नीति अवलम्बन गर्नुपर्दछ । यो नयाँ विश्व परिस्थितिलाई हामीले अवसरको रूपमा प्रयोग गर्न सक्नुपर्दछ । दुई छिमेकी मुलुकबीच एकअर्काविरूद्ध कार्ड खेल्ने कच्चा कुटनीतिक अब उपरान्त प्रतिउत्पादक हुन्छ ।

विश्व राजनीतिमा स्वतन्त्र, सार्वभौम अविच्छिन्न राष्ट्रको रूपमा नेपालले आफ्नो लामो ऐतिहासिक यात्रा पूरा गरेकोमा गर्व गर्दछ । नेपालको स्वतन्त्रता, सार्वभौमिकता, स्वाधीनता, अखण्डता, राष्ट्रिय पहिचान, विकास र वैश्विक मञ्चमा दरिलो उपस्थितिका आधार नै नेपालले अवलम्बन गरेको/गर्ने विदेश नीति र त्यस अनुरूपको अन्तर्राष्ट्रिय सम्बन्ध हुन् भन्ने तथ्यमा हाम्रो पार्टी विश्वस्त रहेको छ । नेपालले राष्ट्रिय सुरक्षा, अखण्डता, स्वाधीनता र स्वतन्त्रता, सार्वभौमसत्ता, सीमाना, पर्यावरणको सुरक्षा, नागरिकहरूको आर्थिक विकास तथा सामाजिक, साँस्कृतिक मूल्य र मान्यताहरूको जगेर्नालाई सर्वोपिरी राखी राष्ट्रियहितको आधारमा सवै मित्रराष्ट्रहरूसँग सु-सम्बध कायम गर्दै शान्ति, स्थिरता आर्थिक विकासको रूपान्तरण र समृद्धिको दिशामा अघि बढ्न द्विपक्षीय वा बहुपक्षीय सम्बन्ध विस्तार गर्नुपर्दछ । अतः राष्ट्रिय सुरक्षा, स्वतन्त्रता र स्वाधीनताको रक्षा गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्नु नै नेपालको विदेश नीतिको प्रमुख लक्ष्य हुनुपर्दछ ।

## ३. राष्ट्रिय परिस्थिति

आधुनिक नेपालको इतिहासमा मूलतः दुईवटा कालखण्ड वितेका छन् । पहिलो, गोर्खा राज्यको विस्तार, भौगोलिक एकीकरण, सामन्ती निरङ्कुशता, केन्द्रिकरण एवम् जातीय तथा क्षेत्रीय दमनको कालखण्ड थियो । यो कालखण्डमा शाहवंशीय निरङ्कुश राजतन्त्र र जहानियाँ राणाशासनले राज्यमा निष्कण्टक रूपले कब्जा जमायो । राज्यको स्रोत-साधन, शक्ति र अवसरहरू पारिवारिक भोगविलासका लागि दुरूपयोग गरे । यो एकखालको कुलिनतन्त्र नै थियो । तथापि यसले मुलुकको एउटा नाम 'नेपाल' र दह्रो केन्द्रीय शासन प्रणाली स्थापित गरे । जसबाट भाषिक रूपमा 'खस भाषा' अर्थात् नेपाली भाषा, साँस्कृतिक रूपमा पर्वतीय संस्कृति - दौरा सुरूवाल तथा हिन्दु धर्म, स्थापित हुन गयो । यो भूभागलाई असली हिन्दुस्थान भन्दै हिन्दु धर्मको आडमा एउटै सामाजिक समुदाय (बाहुन/क्षेत्री, ठकुरी) ले आदिवासी जनजाति, मधेशी, दलित, खस-आर्य, थारू, मुस्लिम, महिला, अल्पसंख्यकलगायतका समुदायहरूमाथि शोषण, दमन, उत्पीडन र विभेद गर्न अचुक अस्त्रको रूपमा प्रयोग गरे । हिन्दु धर्म, राजतन्त्र र नेपाली भाषालाई नै नेपाली राष्ट्रियताका मूलतत्वको रूपमा स्थापित गरे । यसबाट मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, अल्पसंख्यक समुदायलाई उत्पीडित, उपेक्षित र वञ्चितिकरणमा पारिए । 'एक भाषा, एक भेष', जस्ता विविधता, पहिचान र समावेशीता विरोधी नीति लागू गरियो । परिणामतः नेपालमा एकल जातीय राज्य वा

एकल जातीय प्रभूत्व र वर्चस्व कायम गरिए । अर्थतन्त्रको विस्तार तथा आधुनिकीकरण हुन सकेन । लोकतन्त्र, नागरिक अधिकार र सामाजिक न्याय कुन्ठित भए । जातीय, भाषिक, लैङ्गिक, धार्मिक तथा साँस्कृतिक दमन, उत्पीडनलाई तीब्र पारियो । जनसमुदायलाई शिक्षा, स्वास्थ्य, संचार, यातायात, रोजगार र सुरक्षित आवास जस्ता आधारभूत सेवा-सुविधाबाट वञ्चित गरियो । निर्दलीय पञ्चायती शासनको ३० वर्षे नयाँ आवरणमा राणाशाही र राजशाही नीतिहरूको नै हालीमुहाली थियो ।

वि.सं. १९९० को दशकमा नेपालमा लोकतान्त्रिक आन्दोलनको युग प्रारम्भ भयो । राणाहरूको पारिवारिक स्वेच्छाचारी शासनविरूद्ध जनसङ्घर्षहरू शुरूवात भए । प्रचण्ड गोर्खा, प्रजा परिषद् जस्ता राजनीतिक संगठनहरू अस्तित्वमा आए । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी जस्ता पार्टीहरू यही कालखण्डमा जन्मिए । २००७ सालको क्रान्तिले राणा शासनलाई अन्त्य गरियो तर लोकतन्त्रले पूर्णता र स्थायित्व हासिल गर्न सकेन । २०४६ सालको संयुक्त जनआन्दोलन यस कालखण्डको एक उत्कर्ष आन्दोलन थियो । जसले निर्दलीय पञ्चायती शासन प्रणालीलाई अन्त्य गऱ्यो तर, त्यो आन्दोलनले पनि नेपाली समाजमा रहेको राष्ट्रिय/जातीय समस्याको समाधान, विविधताको सम्बोधन, सबै खाले विभेद र असमानताको अन्त्य, वहिष्करणमा पारिएका/परेका सीमान्तकृत समुदायको अधिकार, पहिचानको सवाल आदिलाई सम्बोधन नगरी नेपाली समाजको लोकतान्त्रिकरण तथा सङ्घीयकरणको कार्यभार पूरा गर्न सकेन । जसले गर्दा देशमा समावेशी लोकतन्त्र स्थापित हुन सकेन । फलस्वरूप देशमा माओवादी जनयुद्ध, जनआन्दोलन २०६२/६३, ऐतिहासिक मधेश जनविद्रोह, आदिवासी जनजाति, थारू, मुस्लिम, दलित, महिला आदि आन्दोलनहरू भए । २०६४ र २०७० गरी दुई पटक संविधानसभाको निर्वाचन भयो । समष्टिगत रूपमा यो कालखण्डलाई लोकतान्त्रिकरण तथा सङ्घीयकरणका लागि सङ्घर्षको युग भन्न सकिन्छ । अहिले बहुदलीय लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीता, मौलिक हक, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र समाजवाद उन्मुख जस्ता सैद्धान्तिक मान्यतामा बनेको संविधान छ । तर, संविधान बन्दा बखतका घटनाक्रमले लोकतान्त्रिकरणको कार्य अझै अधूरो र अपूरो छ भन्ने प्रष्ट गर्दछ । मूलतः शासकीय प्रणालीमा परिवर्तन, निर्वाचन प्रणाली, पहिचान र अधिकारमा आधारित प्रदेशहरूको निर्माण, नामाङ्कन र सिमाङ्कन राष्ट्रिय/जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक तथा लैङ्गिक अधिकारको पूर्ण प्रत्याभूति यो संविधानबाट पनि संभव भएन । बहिष्करणमा पारिएका / परेका सीमान्तकृत समुदायले न्याय पाउन सकेनन् । नेपाली कांग्रेस र विभिन्न कम्युनिस्ट पार्टीहरूको वृत्तमा रहेको सामन्ती संकीर्ण रूढिवाद एवम् जातीय यथास्थितिवादी सोच, चिन्तन र संविधानको गणितीय समीकरणले क्रान्तिकारी परिवर्तनको सङ्घारमा पुगिसकेको मुलुकलाई एक कदम पछाडि धकेलिदियो । हिजोका क्रान्तिकारी, जो आज यथास्थितिवादी शासक जाति र वर्गमा पतन भएका छन्, उनीहरूले क्रान्तिलाई जुन विन्दुमा छोडेका थिए, हाम्रो पार्टीले उक्त क्रान्तिलाई त्यही विन्दुबाट उठाउनु पर्दछ र नयाँ स्तरमा विकास गर्नुपर्दछ । त्यो भनेको पहिचानमा आधारित स्वायत्त शासनसहितको सङ्घीय प्रणाली, शासकीय स्वरूपको परिवर्तन, जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारिणी अधिकार भएको राष्ट्रपतीय शासन प्रणालीको स्थापना, पूर्ण समानुपातिक संसद्को व्यवस्था, निर्वाचन प्रणालीमा परिवर्तन, अधिकार र पहिचानमा आधारित राज्यको पूर्ण सिमाङ्कन, राज्यको बहुभाषिक नीति, सत्ता र शक्ति केन्द्रमा रहेको एकल जातीय प्रभूत्व र आधिपत्यको अन्त्य गरी समानुपातिक समावेशीकरण र आरक्षणलाई अझ ठोस र मूर्त बनाउने सीमान्तकृत जनसमुदायहरूको सशक्तिकरण र समावेसीकरण जातीय एवम् लैङ्गिक विभेदको अन्त्य, सामाजिक न्याय र आर्थिक न्यायको प्रत्याभूति आदि हुन् । यी एजेण्डा पूरा भएसँगै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अधूरो कार्यभार पूर्ण हुनुका साथै लोकतान्त्रिकरण प्रकिया पनि पूर्ण हुनेछ

। त्यसपछि मात्र देश वास्तविक रूपमा विकास, समानता, सुशासन, सामाजिक सुरक्षा, सामाजिक न्याय, समृद्धि र समाजवादको युगमा प्रवेश गर्न सक्नेछ। अर्थात् हामी अधूरो लोकतान्त्रिक क्रान्तिको पूर्णता र समृद्धिकरणको चरणमा छौं । हामीले हाम्रो पार्टीको नीति, योजना तथा रणनीति तर्जुमा गर्दा यो यथार्थलाई गहिरो रूपमा आत्मसात् गर्न सक्नुपर्दछ ।

आर्थिक दृष्टिकोणबाट हेर्दा नेपालको अर्थतन्त्र जटिल र निराशाजनक स्थितिबाट गुज्रिरहेको छ । देशको आर्थिक बृद्धिदर सन्तोषजनक छैन । आ.व. २०७९/८० अनुसार प्रतिव्यक्तिः आय १४१० अमेरिकी डलर देखिए तापनि आर्थिक बृद्धिदरको २.२ प्रतिशत मात्र रहेको छ। उपभोक्ता मुद्रास्फ्रीति ७.७ प्रतिशत रहेको छ । हामीलाई न्यूनतम दुई अंकको आर्थिक बृद्धिदर निरन्तर रूपमा दुई दशकसम्म चाहिन्छ। अनि मात्र आर्थिक विकासको अपेक्षित लक्ष्य भेट्न सक्ने छौं। जबकि नेपाल ६ दशकदेखि निरन्तर अल्पविकसित देशहरूको समूहमा रहँदै आएको सर्वविदितै छ ।

विश्वमा अहिले ४५ मुलुकहरू मात्र अल्पविकहित समूहमा पर्दछन् । युरोपको कुनै पनि देश अल्पविकसित समूहमा छैन । यहाँ लगभग २५ प्रतिशत नेपालीहरू गरिबीको रेखामुनी रहेका छन् । नेपाल विश्वको १७ औं र दक्षिण एशियाको सबैभन्दा गरिब मुलुकको रूपमा रहेको छ। अमेरिकी महादेशमा ३ वटा देशमात्र यस समूहभित्र छन्। ३३ वटा अफ्रिकी देशहरू छन्। एशियाका ८ वटा देशहरू क्रमशः अफगानिस्तान, बंगलादेश, कम्वोडिया, लाओस्, म्यानमार, टिमोर-लेस्ते, यमन र नेपाल यस समूहभित्र छन् । सन् २०२३ मा भूटान यस समूहबाट बाहिरिएका छन् । नेपालमा वार्षिक औसत ६ लाख नयाँ जनशक्ति श्रमबजारमा आउँछन् । त्यसमध्ये १ लाख भन्दा बढी बैदेशिक रोजगारामा जान्छन्। ती अधिकांशतः १७-५० वर्ष उमेर समूहका हुन्छन्। अर्थात् देशको उत्पादनशील श्रमशक्तिको अधिकांश हिस्सा देशमा क्रियाशील छैन । कुल गार्हस्थ उत्पादनमा रेमिटेन्सको योगदान २९ प्रतिशत पुगेको छ। रेमिटेन्सबाट जीवन निर्वाह हुने परिवारको संख्या ४० प्रतिशत भन्दा माथि रहेको छ ।

देशको ६५ प्रतिशत जनता कृषिलाई औपचारिक पेसा मान्दछन्, तर कुल गार्हस्थ उत्पादन (GDP) मा कृषिको योगदान २४.६ प्रतिशत मात्र छ। देशमा कुल उपभोगको ८७ प्रतिशत आयात हुन्छ, जबकि देशको आफ्नै उत्पादनले १३ प्रतिशत उपभोगलाई मात्र धान्न सक्छ। व्यापार घाटा निरन्तर चुलिँदो छ। शोधनान्तर स्थिति संकटमा पर्दै गइरहेको छ। सरकारी तथ्याङ्कअनुसार बहुआयामिक गरिबीको मापदण्डको आधारमा २९ प्रतिशत मानिस गरिब छन्। विश्व मापदण्डलाई आधार मान्दा ६४ प्रतिशत नेपाली गरिब छन्। अर्कोतिर धनी-गरिब बीचको दूरी नाप्ने गिनी कोफिसियन्ट ०.३८ प्रतिशत छ। मधेश र कर्णाली प्रदेश बढी गरिब भएका प्रदेशहरू हुन्। मधेश र पहाडका दलित र मुस्लिमहरू बढी गरिबीका मारमा परेका छन् । बजेटमा चालु र विकास खर्चको अनुपातमा अनुकूल सुधार भएको छैन ।

आ.व. २०७९/८० मा सरकारको आम्दानी तथा खर्च दुवैमा सङ्कुचन देखिएको छ । नेपाल सरकारले परिचालन गर्ने राजस्व लक्ष्यको ६८.२ प्रतिशत र सरकारी खर्च लक्ष्यको ७९.७ प्रतिशतमा सीमित भएको छ । कुल सरकारी राजस्वको वृद्धिदर १०.२ प्रतिशतले ऋणात्मक हुँदा सरकारको कुल आम्दानी ९.७ प्रतिशतले सङ्कुचन हुन गएको छ । पुँजीगत खर्चतर्फ कुल बजेटको केवल २१ . २ प्रतिशत मात्र विनियोजन भएकोमा सो पनि ६१.४ प्रतिशत मात्र खर्च हुन पुग्यो। राजस्वमा आएको सङ्कुचनसँगै वैदेशिक सहायता परिचालन पनि अपेक्षित रूपमा हुन नसक्दा सरकारको वित्तीय अन्तर फराकिलो हुँदै गएको छ, जसको पूर्तिका लागि ठूलो मात्रामा आन्तरिक ऋण परिचालन गरिँदै आएको छ । आ.व.२०७९/८० मा आन्तरिक ऋण १०.४ प्रतिशतले बढेर कुल गार्हस्थ्य उत्पादनको ४.८ प्रतिशत पुगेको छ। वैदेशिक सहायता वृद्धिदर २२ प्रतिशतले ऋणात्मक भई केवल रू. १ खर्ब २३ अर्ब मात्र परिचालन हुन सक्यो । यसमध्ये अनुदान ११.८ प्रतिशत र

ऋण २३.३ प्रतिशतले संकुचित भई कुल गार्हस्थ्य उत्पादनको क्रमशः ०.४ प्रतिशत र १.९ प्रतिशत कायम रहन गयो। समग्रमा भुक्तानी गर्न बाँकी ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४२.७ प्रतिशत पुगेको छ। वित्तीय हस्तान्तरणतर्फ सङ्घीय बजेटबाट प्रदेश र स्थानीय तहमा कुल विनियोजनको २४ प्रतिशत रकम हस्तान्तरण भएको अनुमान छ। प्रदेश र स्थानीय तहबाट पनि लक्ष्यअनुसार स्रोत परिचालन र खर्च व्यवस्थापन हुन सकेन। विगतका वर्षहरूमा देखिएको कमजोर वित्तीय अनुशासनको अवस्था चालु आ.व.मा पनि निरन्तर नै रह्यो। राजस्व बक्यौता कुल राजस्व रकमको १.३ प्रतिशत रहेको थियो भने कुल लेखापरीक्षण गरिएको रकमको १.७ प्रतिशत बेरूजु कायम भएको थियो।

कोभिड - १९ महामारीलगायत अन्य आन्तरिक तथा बाह्य प्रभावको कारणले आपूर्ति शृङ्खला अवरूद्ध हुँदा पछिल्लो अवधिमा उपभोक्ता मुद्रास्फीति केही उच्च हुन पुगेको छ। आ.व.२०७९/८० मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहन पुग्यो। विगत केही वर्षदेखि निरन्तर रहेको व्यापार घाटा चालु आ.व.मा पनि कायमै रहेको छ। आ.व.२०७९/८० मा वस्तु र सेवाको निर्यात र आयातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ६.९ प्रतिशत र ३४.५ प्रतिशत रहेको छ। कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी भई रू. १ खर्ब ५७ अर्ब १४ करोडमा सीमित भएको छ भने कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई रू.१६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ। आ.व.२०७९/८० मा मुलुकको आन्तरिक अर्थतन्त्र तथा बाह्य क्षेत्र सन्तुलनमा महत्त्वपूर्ण योगदान रहेको विप्रेषण आप्रबाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२ . ७ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कुल वैदेशिक लगानी ० . ४ प्रतिशतमा मात्र सीमित रहको छ। कुल विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रू. १५ खर्ब ३९ अर्ब ३६ करोड कायम भएको छ। कायम रहेको विदेशी विनिमय सञ्चितिले १० महिनाको वस्तु तथा सेवा आयात धान्ने देखिन्छ। २०८० असार मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.८ प्रतिशतले अवमूल्यन भएको छ भने यूरोसँग १२.९ प्रतिशतले र जापानी येनसँग २.८ प्रतिशतले अवमूल्यन भएको छ।

नेपाल मानव विकास प्रतिवेदन, २०२० मा प्रस्तुत भएको मानव विकास सूचकाङ्क, असमानता समायोजित मानव विकास सूचकाङ्क, लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्कको विश्लेषणका आधारमा प्रदेशहरूको विकासको स्थिति असमान रहेको देखिन्छ। बागमती प्रदेश मानव विकासका दृष्टिकोणबाट अग्रस्थान (०.६६१ प्रतिशत) मा रहेको छ भने मधेश प्रदेशको स्थिति सबैभन्दा कमजोर (०.५१० प्रतिशत) र कर्णाली प्रदेशको स्थिति पनि निकै कमजोर (० . ५३८ प्रतिशत) रहेको देखिएको छ। लैङ्गिक विकास सूचक सुधार भई (०.९६० प्रतिशत) पुगेकोमा मधेश प्रदेशको स्थिति अन्य प्रदेशहरूको तुलनामा कमजोर (०.७८६ प्रतिशत) रहको देखिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी साक्षरता दर (८२.१ प्रतिशत) रहको छ भने मधेश प्रदेशमा न्यून साक्षरता दर (६३.५ प्रतिशत) रहको छ। शैक्षिक दृष्टिकोणले मुलुककै सबभन्दा पिँधमा रहेको मधेशका ३ वटा जिल्लाहरू क्रमशः रौतहट ७७ औं, महोत्तरी ७६ औं, र सर्लाही ७५औं स्थानमा रहेको छ। सम्पत्तिमा आधारित जिनी गुणक ०.३० प्रतिशत रहकोले असमानताको अवस्था गम्भीर रहेको देखिन्छ। विगत लामो समयदेखि भएका प्रयासहरूका बाबजुद नेपालमा गरिबीको अवस्थामा अपेक्षित सुधार हुन सकेको देखिँदैन। नेपाल चौथो जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार नेपालमा कुल जनसङ्ख्याको २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेका छन्, जसमध्ये शहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन्। यसका साथै, प्रदेशगत रूपमा हेर्दा सात प्रदेशमध्ये

मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा गरिबीको दर राष्ट्रिय गरिबीको दर भन्दा बढी देखिएको छ ।

देशभित्र उत्पादनशील अर्थतन्त्रको निर्माण र रोजगारीको अवस्था सिर्जना नभएको हुँदा ठूलो संख्यामा श्रमशक्ति विदेशिएको छ । लगभग ७० लाख भन्दा बढी नेपाली विश्वका विभिन्न देशमा छरिएका छन् । उनीहरूले रेमिटेन्स पठाएर देशको अर्थतन्त्र धान्न ठूलो योगदान गरिरहेका छन् । तर, त्यहीँबाट मतदान गर्ने प्रक्रिया नहुँदा निर्वाचनमा अनुपस्थित मतदाताको अनुपात निरन्तर बढ्दो छ ।

**चुनौती :** कमजोर प्रतिस्पर्धी क्षमता, न्यून आन्तरिक उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, अर्थतन्त्रको संरचनागत समस्या, द्वितीय क्षेत्रको घट्दो योगदान र निरन्तरको न्यून आर्थिक वृद्धिको कारण परनिर्भरता नेपालको प्रमुख आर्थिक चुनौतीरू हुन् । कृषि क्षेत्रमा लागतको तुलनामा न्यून प्रतिफल, कृषिप्रतिको बढ्दो विकर्षण तथा आधारभूत खाद्य पदार्थमासमेत परनिर्भरता बढ्दै गएको छ । औद्योगिक क्षेत्रको सङ्कुचन, उद्योग खोल्नु भन्दा आयातित वस्तुको व्यापारमा आकर्षण बढ्दो छ । उपभोगमुखी आयात र न्यून निर्यात क्षमताको कारण व्यापार घाटा चुलिएको छ । आन्तरिक रोजगारीको सीमित अवसर, वैदेशिक रोजगारीको लागि युवा जनशक्ति पलायन, विप्रेषण आप्रवाहमाथिको अत्यधिक निर्भरता बढ्दै गएको छ । कमजोर तहगत अन्तरसम्बन्ध, सबल सङ्घीय शासन प्रणालीमार्फत् समावेशी, समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकासको सुनिश्चितता हासिल गर्ने दिशामा न्यून प्रगति हासिल हुन सकेको अवस्था छ । मानव स्रोत व्यवस्थापनमा आवश्यकताको यथार्थ आकलन गर्न नसक्दा लगानी, मानव स्रोत उत्पादन, विकास र उपयोग बीच बेमेल देखिएको छ । सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोत-साधनको परिचालन, परिचालित वित्तीय स्रोत-साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको अवस्था विद्यमान छ । भारतीय मुद्रासँगको स्थिर विनिमय प्रणालीको कारण स्वायत्त मौद्रिक नीति कार्यान्वयनमा चुनौती, मुद्रास्फीतिमा अधिक बाह्य प्रभाव र कमजोर आन्तरिक नियन्त्रण क्षमता रहेको छ ।

उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली, सीपयुक्त एवम् जीवनोपयोगी शिक्षाको खोजी, उच्च शिक्षामा गुणस्तर, समयनिष्ठताको समस्या तथा शिक्षाको लागि विदेशिने विद्यार्थीको सङ्ख्या बढेसँगै विदेशी मुद्राको मागमा बृद्धि भएको छ । कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली, दक्ष एवम् पर्याप्त जनशक्तिको न्यून आपूर्ति, आधारभूत स्वास्थ्य सेवामासमेत आम नागरिकको पहुँचमा कठिनाई सिर्जना भएको छ । अव्यवस्थित शहरीकरण, शहरी पूर्वाधार तथा सेवासुविधाको माग र आपूर्ति बीचमा फराकिलो खाडल, अप्रभावकारी एकीकृत बस्ती विकास तथा स्थानान्तरण कार्यक्रम अर्थतन्त्रको अर्को महत्त्वपूर्ण चुनौती हो । निर्मित भौतिक पूर्वाधारको न्यून गुणस्तर, आवश्यकता र आपूर्ति बीचको बेमेल, दिगो पूर्वाधार विकासका आयामहरूको कमजोर कार्यान्वयन हुने गरेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-साँस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता छ ।

भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनताका साथै बढ्दो सुरक्षा चुनौती रहेको छ । सामाजिक सुरक्षाको कार्यक्रममा बढ्दो दायित्व, कमजोर व्यवस्थापन तथा न्यून सुरक्षाको अनुभूति भएको छ । समावेशीकरणको क्षेत्रमा नीति, अभ्यास र नतिजा बीचको ठूलो खाडल भने कायमै छ ।

बजार प्रतिस्पर्धाको कमजोर अवस्था, सिन्डिकेट प्रणालीको निरन्तरता, उत्पादक र उपभोक्ताबीच बिचौलियाको अनपेक्षित उपस्थिति कायमै छ । अर्थतन्त्रमा अनौपचारिक कारोबारको ठूलो हिस्सा रहनु, न्यून बिजकीकरण, तस्करी, क्रिप्टोकरेन्सी तथा हाइपरफण्ड जस्ता अवैध क्षेत्रमा लगानी,

पुँजी पलायन, हुण्डी कारोबार, बजारमा तरलता, मूल्य र आपूर्तिमा अस्वाभाविक उतार-चढाव देखिएको छ ।

सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बीचको खाडल, राजस्व परिचालनको ठूलो हिस्सा आयातमा आधारित, अनिश्चयपूर्ण वित्तीय प्रणालीसँगै वित्तीय सङ्घीयताको कार्यान्वयनमा चुनौती भने कायमै छ । कमजोर विनियोजन कुशलता, न्यून पुँजीगत विनियोजन तथा कमजोर खर्च क्षमता, पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब लागतको तुलनामा न्यून प्रतिफलको अवस्था छ ।

सुशासन, सार्वजनिक सेवाप्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रतिको नागरिकको कमजोर विश्वसनीयता, भ्रष्टाचार नियन्त्रण, सामाजिक न्याय, शीघ्र न्याय निरूपण, राष्ट्रियता र राष्ट्रिय एकतालाई मजबुत पार्ने चुनौती छ । विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा स्तरोन्नतिबाट सिर्जना हुने उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन गर्नुपर्ने छ । दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्रोत व्यवस्थापन र प्रभावकारी कार्यान्वयनको चुनौती पनि रहेको छ ।

**सम्भावना :** मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै अब राजनीतिक नेतृत्व आर्थिक विकास र समृद्धिको मुद्दामा केन्द्रित भएको छ । तीन तहका सरकारको सक्रियतासँगै तल्लो तहसम्म नै आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्रियाकलापहरू बढ्दै गएका छन् । निजी क्षेत्रको व्यावसायिक कुशलता र उद्यमशीलताको विकास भएको छ । उद्योग व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पुँजी र प्रविधिको उपलब्धता बढ्ने क्रममा  छ । सूचना प्रविधिको विकास र प्रयोगको विस्तार भएको छ । कृषि, ऊर्जा र पर्यटन  क्षेत्रमा रोजगारी सिर्जनाको प्रचुर सम्भावना रहेको छ । तथापि प्राकृतिक स्रोत र साधनको कुशल एवम् प्रभावकारी परिचालन गर्न सके मात्र मुलुकको समृद्धि सम्भव छ । शिक्षा, स्वास्थ्य र सीपको विकाससँगै सक्षम मानव पुँजीको उपलब्धता बढेको छ । यसर्थ प्रत्यक्ष वैदेशिक लगानीको लागि सहज वातावरण तयार गर्न सके देशमा ठूलो लगानी आकर्षण गर्न सकिने सम्भावना छ । कुल जनसङ्ख्यामा सक्रिय युवा जनशक्तिको अनुपात सबैभन्दा बढी रहेको अवस्था छ । अति कमविकसित मुलुकबाट स्तरोन्नतिसँगै नेपालीको आत्मसम्मान बढ्नुका साथै बाह्य लगानीकर्तालाई पनि ढुक्क भएर नेपालमा थप लगानी गर्न सहयोग पुग्नेछ । दुई ठूला अर्थतन्त्र र जनसङ्ख्या भएका छिमेकी मुलुकसँग हाम्रो अर्थतन्त्रलाई आबद्ध गराउन सक्दा एकसाथ अगाडि बढ्न सकिने सम्भावना पनि रहेको छ ।

कांग्रेस, कम्युनिस्ट जस्ता पार्टीहरूले विकास, सुशासन, समृद्धि, सामाजिक न्याय र समाजवादको जति चर्को नारा लगाएपनि त्यो भ्रम फैलाउनु बाहेक अरू हुन सक्दैन । उनीहरूको सोच, संस्कार र सिद्धान्तको सीमाले यी कार्यभार उनीहरूबाट पूरा हुन सम्भव छैन । **‘सुखी नेपाली, समृद्ध नेपाल’** नारा जतिसुकै रटे पनि व्यवहारतः त्यो ‘दरिद्र नेपाल र दुखी नेपाली’ नै हुने छ । वैचारिक तथा संस्थागत संरचनात्मक दोषहरूले गर्दा चाहेर भएपनि उनीहरूले समृद्धिकरणको युगको नेतृत्व लिन सक्ने सम्भावना रहन्न । उपरोक्त कार्य हाम्रो पार्टी जनता समाजवादी पार्टी, नेपालले मात्र पूरा गर्न सक्दछ । समाजवादी लोकतन्त्रको कार्यभार र मार्गचित्र उदारवादी/पुँजीवादी लोकतान्त्रिक र कम्युनिस्ट (साम्यवादी) शक्तिहरूले लागू गर्ने अपेक्षा आफैँमा हास्यास्पद हो । समाजवादी लोकतन्त्रको कार्यभार, समाजवादी मार्गचित्र तथा समाजवादी राज्य न पुँजीवादबाट न कम्युनिस्टबाट न कांग्रेसबाट न त साम्यवादीबाट स्थापित हुन सक्छ । यो स्वाभावैले जसपा, नेपालको नेतृत्वमा मात्र सम्भव छ ।

## ४. नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ नेपालको सातौं र संविधानसभाबाट घोषणा गरिएको पहिलो संविधान हो । संविधानले नेपाललाई सङ्घीय प्रणाली, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता र लोकतान्त्रिक

गणतन्त्रात्मक प्रणालीमा रूपान्तरण गरेको छ । यसमा नेपालको सर्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ। संविधानले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ । दुई सदनात्मक सङ्घीय व्यवस्थापिका र एक सनात्मक प्रादेशिक व्यवस्थापिकाको व्यवस्था गरिएको छ। मिश्रित निर्वाचन प्रणाली, मौलिक हक, मानव अधिकारको प्रत्याभूति, स्वतन्त्र र आवधिक निर्वाचन, प्रतिष्पर्धी बहुदलीयता, प्रेस स्तन्त्रता जस्ता विशेषताहरू यस संविधानमा रहेका छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूलसंरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह रहेका छन्। राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था रहेका छन्। तर, विगतका संविधानहरू जस्तै यो संविधानले पनि मधेशी, आदिवासी जनजाति, पिछडावर्ग, दलित, थारू, महिला, मुस्लिम, अल्पसंख्यक समुदाय एवं उत्पीडित तथा लोपोन्मुख जात, जातिलगायत बहिष्करण र विभेदमा पारिएका सीमान्तकृत समुदायहरूको हकअधिकार र राष्ट्रिय मुद्दाहरूलाई सम्बोधन गर्न सकेन। अधिकार, पहिचान र सामार्थ्य बिनाको सङ्घीय प्रणालीको व्यवस्था गरिएको छ, जो अत्यन्त त्रुटिपूर्ण र विकृत रहेको छ । शताब्दियौंदेखि चलिआएको एकल जातीय आधिपत्य अर्थात् प्रभुत्व भएको राज्य संरचना कायमै राख्ने र बहिष्करणमा पारिएका र सीमान्तकृत समुदायको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, अधिकारलाई कुण्ठित र संकुचित पारिएको छ । समान भाषिक अधिकारसमेत नदिई एकल जातीय प्रभुत्व र वर्चस्व कायम गर्ने संकीर्ण जातिवादी नश्लीय चरित्रको संविधान घोषणा गरिएको छ। उदाहरणको लागि यस संविधानमा खस-आर्य (ब्राह्मण, क्षेत्री, ठकुरी, सन्याशी, दशनामी) लाई संविधानमै परिभाषित गर्नुको साथै सर्वोच्च जाति बनाई प्रष्ट रूपमा प्रत्येकको माग सुनिश्चित गरिएको छ भने आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, र दलितको विषयमा न परिभाषा छ न पहिचानको मान्यता न त समावेशी सहभागिताको विषय नै प्रष्ट छ। यो स्पष्ट रूपमा जातिवादी र नश्लवादी चरित्र हो। निर्वाचन प्रणाली सामाजिक कलष्टर (Social Cluster) को ढाँचासमेत एउटा जाति विशेषको बढी प्रतिनिधि हुने गरी जातीय वर्चश्व कायम गर्ने नियतले बनाएको छ। तसर्थ यो संविधान पनि विगतका ६ वटा संविधानहरू झैं एकल जातीय सर्वोच्चता, प्रभुत्व र आधिपत्य कायम गर्ने चरित्रको रहेको छ।

संविधानलाई पुनर्लेखन वा संशोधन/परिमार्जन गरी पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गर्नुपर्ने, निर्वाचन प्रणाली, न्याय प्रणाली, शासकीय स्वरूप, पहिचान, अधिकार, स्वायत्तता र स्वशासनमा आधारित सङ्घीयता निर्माण गर्नुपर्दछ। संविधानको धारा ५६ को (५) बमोजिम जातीय, भाषिक तथा साँस्कृतिक अल्पसङ्ख्यक समुदायका लागि स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्र बनाएको व्यवस्था नभएपनि यो कार्यान्वयनमा आउन सकेको छैन । हाम्रो पार्टी राजनीतिक अधिकारसहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्न प्रतिबद्ध छ।

## ५. हाम्रो पार्टीको सिद्धान्त, आदर्श र मान्यताहरू

### (क) सङ्घीय शासन प्रणाली

राष्ट्रिय एकता नै सङ्घीयताको मूल लक्ष्य हो । सङ्घीय सरकार र प्रदेश सरकारबीच शक्ति विभाजन गरी आ-आफ्नो क्षेत्राधिकारको परिधिभित्र रहेर एकआपसमा एकता, सहकार्य र सहयोग हुने गरी अभ्यास गर्दछन्। विश्वव्यापीकरण र उदारीकरणको यस युगमा लोकतन्त्र बिना सङ्घीय प्रणालीले जनताको हितमा कार्य गर्न सक्दैन। अतः सङ्घीय प्रणालीमा जनताको प्रत्यक्ष सहभागिता, उत्तरदायित्व र जवाफदेही सरकार, विधिको शासन, शक्तिको विभाजन, स्वतन्त्र र निष्पक्ष न्यायपालिका, संवैधानिक सर्वोच्चता, निष्पक्ष र स्वतन्त्र निर्वाचन प्रणाली, नागरिक स्वतन्त्रता, समानता र व्यक्ति स्वतन्त्रताको अधिकार संरक्षण र अभ्यास गरिन्छ। राष्ट्रको उन्नतिका लागि

विविधता र एकता, सुशासन र सामाजिक न्याय, जनताको समावेशीकरण र सशक्तिकरण, असमानता, शोषण, उत्पीडन र सबै खाले विभेदको अन्त्य, राष्ट्रिय पहिचानको मान्यता र समावेशी लोकतन्त्र, जनताको स्वशान, स्वायत्तता र आत्मनिर्णयको अधिकारको प्रत्याभूति, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रूपले बहिष्करणमा पारिएका वा परेका जनसमुदाय/ समूहहरूको मुक्ति, समावेशीकरण र सन्तुलित विकास, जनताको आर्थिक, सामाजिक साँस्कृतिक अधिकारको प्रत्याभूति र संरक्षण आदि सङ्घीय शासन प्रणालीका आधारभूत सिद्धान्तहरू हुन् । हालसम्म विश्वमा सङ्घीय शासन अपनाएका २८ वटा मुलुकहरू रहेका छन् । विश्वको जनसंख्याको ४० प्रतिशत र भूगोलको ५० प्रतिशत भन्दा बढी मुलुकहरूमा सङ्घीय शासन प्रणाली रहेका छन् । सङ्घीयताको मूलधारणा नै प्रादेशिक वा क्षेत्रीय स्वशासन (Regional Self-Rule) र साझा शासन (Shared-Rule) को संयोजन हो । सङ्घीयताको मूललक्ष्य - विविधता (जातीय, भाषिक, धार्मिक साँस्कृतिक, भौगोलिक आदि) भएको मुलुकका सम्पूर्ण जनसमुदायहरूको पहिचानका साथै राजनीतिक, आर्थिक, सामाजिक - साँस्कृतिक जीवन प्रणालीमा समान रूपले साझेदारी वा प्रतिनिधित्व हुने गरी उनीहरूको आवश्यकतालाई परिपूर्ति गर्नु हो । सङ्घीय एकाईको क्षेत्र ( प्रदेशहरू) को निर्धारण जातीय/राष्ट्रिय, भाषिक, साँस्कृतिक भौगोलिक र ऐतिहासिक पहिचान र सामर्थ्यको आधारमा गरिन्छ । तर, नेपालको सङ्घीय प्रणाली पहिचान र सामार्थ्यको आधारमा नभई अत्यन्त त्रुटिपूर्ण र विकृत रूपको रहेको छ । संविधान संशोधन गरी पहिचानमा आधारित १०+१ मोडलको प्रदेशमा जानु आवश्यक छ । हाम्रो पार्टी वर्ग, वर्ण र लिङ्ग तिनै प्रकारका विभेदहरूको अन्त्य, वास्तविक सामाजिक न्याय तथा सामाजिक सुरक्षा, सामानता, स्वतन्त्रता र मुक्तिको पक्षमा छ । उत्पीडित राष्ट्रियताहरूको मुक्ति तथा शासनसत्तामा साझेदारीका लागि राज्यको एकात्मक तथा केन्द्रीकृत चरित्रको संरचनालाई अन्त्य गरी पहिचान, अधिकार, स्वायत्तता र स्वशासनमा आधारित सङ्घीयता निर्माण गर्नुपर्दछ । बहिष्करण र असमावेशी चरित्र राज्यमा निश्चित जाति र वर्गको मात्र हालिमुहाली भई व्यापक रूपमा बहिष्करणमा परेका मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला, पिछडावर्ग, अल्पसंख्यक समुदायलगायतको राज्यमा अत्यन्त न्यून मात्रामा सहभागिता भएको छ । अतः सबै क्षेत्रका जनताको सहभागिता, अपनत्व तथा स्वामित्व स्थापित हुने गरी अहिलेको सङ्घीय प्रणाली र प्रादेशिक संरचनालाई परिवर्तन गर्नुपर्दछ ।

**(ख) सुशासन**

शासकीय क्रियाकलापको हरेक तह र तप्कामा जनताको अर्थपूर्ण सहभागिता गराई जनतालाई स्वच्छ, पारदर्शी, सदाचारी एवं प्रभावकारी तवरले सेवा प्रवाह गरी प्रत्येक नागरिकलाई सुखी, खुशी, सम्पन्नशाली एवं सन्तुष्ट तुल्याउने कार्य नै सुशासन हो । यसले लोकतन्त्रलाई जरैबाट मजबुत बनाई आम नागरिकमा शासकीय प्रणालीप्रति भरोसा बढाउँछ । सुशासनले भ्रष्टाचार, कमिशनतन्त्र, लूटतन्त्र, प्रशासनिक ढिलासुस्ती जस्ता विकृति र विसंगतिलाई नियन्त्रण गर्नुका साथै निर्णय प्रक्रियामा अल्पमतको आवाजलाई पनि कदर गर्ने परिस्थितिको निर्माण गर्दछ । गरिबीको अन्त्य र विकासलाई तीब्रगतिमा अगाडि बढाउन सुशासन अत्यन्त महत्त्वपूर्ण पक्ष हो । सहभागितामूलक, कानुनी राज्य अथवा विधिको शासन, सहमतिमा आधारित समता र समावेशीकरण, पारदर्शीता, उत्तरदायी सरकार, जवाफदेहीता र प्रभावकारीता तथा दक्षता सुशासनका आधार हुन् । सुशासनलाई लोकतन्त्र, दिगो विकास, कानुनको राज्य, भ्रष्टाचारविहीनता, मानव अधिकार र विकासको आधारमा हेर्न सकिन्छ । नेपालमा बढ्दो राजनीतिक अपराधीकरण, भ्रष्टाचार, लैङ्गिक विभेद तथा भेदभाव, प्रशासनको केन्द्रीकरण, आर्थिक रूपले पछाडि परेको जनता र समाजको उपेक्षा आदि सुशासनका चुनौतीहरू हुन् । यहाँ सुशासनको अभावमा भ्रष्टाचार,

अनियमितता, अराजकता, ढिलासुस्तीका कारण मुलुक राजनीतिक रूपले अराजक र दिशाहीन, आर्थिक रूपले भ्रष्ट र सामाजिक-साँस्कृतिक रूपले दिशाहीन हुन पुगेको छ । जनताले अझसम्म मुलुकमा न शान्ति सुरक्षा न राजनीतिक स्थिरता न त विकासको अनुभूति नै गर्न सकेका छन् ।

**(ग) राष्ट्रिय पहिचानको राजनीति**

कुनै पनि व्यक्ति वा समुदायले आफ्नो जन्मसँगै बोकेर आएको पहिचान राष्ट्रिय पहिचान हो, जुन तिनीहरूको भाषा, संस्कृति, ऐतिहासिक मानव भूगोल र सभ्यताले निर्माण गरेको हुन्छ । नेपालमा मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, खस-आर्य, आदिको पहिचान राष्ट्रिय पहिचान हो र यी सबै नेपालका राष्ट्रियताहरू हुन् । यस्तो समुदाय जसको आफ्नो अलग ऐतिहासिक मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन प्रणाली र साझा मनोभावना छ, तिनीहरू सबै नेपालका सन्दर्भमा अलग राष्ट्रियता हुन् । सङ्घीयतामा ती सबै समुदायहरूको पहिचानसहितको प्रदेश वा विशेष संरचना निर्माण गरिनेछ । पहिचानको राजनीति जाति, राष्ट्रियता, धर्म, लिङ्ग, सामाजिक पृष्ठभूमि र सामाजिक वर्गको पहिचानमा आधारित हुन्छन् । यसले शोषित, पीडित समुदायको मुक्तिका लागि सङ्घर्ष गर्दछ । विगतमा भएगरेका अन्याय, शोषण, विभेदले गर्दा उत्पीडित समुदायमाथि भएको बहिष्करण, शोषण, सीमान्तीकरण, दमन र अत्याचारका विरूद्धको सङ्घर्ष नै पहिचानको राजनीति हो । जातीय, भाषिक र धार्मिक पहिचानका साथै सामाजिक न्याय -शक्ति, स्रोत र अवसरमा भएको विभेदको अन्त्य र समान रूपले वितरण गर्नु नै यसको मुख्य राजनीतिक पाटो हो । अल्पसंख्यक साँस्कृतिक समूहहरू (Minority Cultural Groups) को समानताको अधिकारको मान्यता नै पहिचानका राजनीतिक सवाल हुन ।

**(घ) समावेशी लोकतन्त्र**

समावेशी लोकतन्त्र भनेको सबै वर्ग, जाति, समुदाय, सीमान्तकृत व्यक्ति/समुदाय, अल्पसंख्यक, महिला, उत्पीडित राष्ट्रियताहरू आदि राजनीतिक मूलप्रवाहमा समावेश हुन नसकेका समुदाय तथा व्यक्तिहरूसमेतलाई राजनीतिक व्यवस्थामा समावेश गर्ने लोकतान्त्रिक अवधारणा नै समावेशी लोकतन्त्र हो । यस्तो लोकतन्त्रमा समुदायको बहुमत मात्र नभएर अल्पमत, अल्पसंख्यक र सीमान्तकृत समुदायलाई समेत समावेश र प्रतिनिधित्व गराइन्छ । सत्ताधारीको इच्छामा विभिन्न वर्ग/समुदाय, लिङ्ग., क्षेत्र आदिबाट प्रतिनिधित्व गराइने प्रथा समावेशी लोकतन्त्र होइन, यो खानापूर्ति मात्र हो । समावेशी लोकतन्त्रमा कृपाबाट नभए अधिकारको रूपमा आफ्नो वर्ग, समुदायको प्रतिनिधित्व गर्ने र नीति निर्माणमा सहभागी भई आफूले प्रतिनिधित्व गरेकाहरूको हक समावेश गर्ने लोकतन्त्र नै समावेशी लोकतन्त्र हो । समावेशी प्रतिनिधित्व भनेको सबै वर्ग, समुदाय, अल्पसंख्यक तथा सीमान्तकृत अर्थात् राज्यमा पहुँच नभएकाहरूले प्रतिनिधित्वको अवसर नपाउने अवस्थाले गर्दा विकसित भएको नयाँ अवधारणाका रूपमा समावेशी प्रतिनिधित्वको सिद्धान्त हो । समावेशी लोकतन्त्र प्रत्यक्ष राजनीतिक, आर्थिक, सामाजिक र परिवृत्तीय लोकतन्त्र (Direct Political, Economic, Social and Ecological Democracy) को अभिव्यक्ति हो । कुनै पनि विविधतापूर्ण मुलुकमा शासन शक्ति एउटै व्यक्ति वा जातीय समूहको हातमा मात्र केन्द्रित हुँदा बहुआयामिक संकटहरू (राजनीतिक, आर्थिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, जातीय आदि) देखा परेका छन् । जातीय, भाषिक, धार्मिक आदि द्वन्द्वका कारण सोभियत संघ, युगोस्लाभिया, चेकोस्लोभाकिया, सुडान, श्रीलंका, अफगानिस्तान, रूवान्डालगायतका मुलुकहरूको दुरदशा भएका छन् । यस सन्दर्भमा समावेशी लोकतन्त्रले सबै सामाजिक समुदाय र तहमा राजनीतिक, आर्थिक, सामाजिक शक्ति र साधन - स्रोतको समान वितरणमा जोड दिन्छ । यस्तो राज्यको संस्थागत संरचना जहाँ एउटा सामाजिक समुदायको मानिसहरूले अर्को समुदायमाथि प्रभुत्व कायम नगरी समानताका आधारमा सामेली भई मिलेर काम गर्न सकोस् ।

राज्यको संरचना पनि त्यसैगरी निर्माण गरिनुपर्दछ । नेपालमा मधेशी र आदिवासी जनजातिहरूप्रति राज्यको संस्थागत संरचना नै विभेदकारी (State Structural Discrimination) रहेको छ । जुन प्रादेशिक, जिल्ला, संसदीय तथा प्रादेशिक निर्वाचन क्षेत्रहरू, स्थानीय निकायको संरचनाबाट प्रष्ट हुन्छ । समावेशी लोकतन्त्रले राजनीतिक, आर्थिक र सामाजिक बहिष्करण (Political, Economical and Social Discrimination or Exlusion) मा पारिएका/परेका सामाजिक समुदायहरूलाई राज्यको संरचनाभित्र न्यायोचित रूपमा समावेशीकरण गरी विभेद, शोषण, उत्पीडन र उपेक्षालाई अन्त्य गरी अधिकार, अवसर र न्यायमा समान रूपले पहुँच र प्रतिनिधित्व तथा साझेदारी सुनिश्चित गर्दछ । नेपालमा जाति वा नश्लवादी चिन्तन, सोच र अभ्यासमा आधारित एकल जात/जातीय बर्चस्व र प्रभूत्त्वलाई अन्त्य गरी समावेशी लोकतन्त्र (Inclusive Democarcy) प्रणालीको अभ्यास गरिनुपर्दछ । समावेशी लोकतन्त्रले नै विविधतामा एकता र एकतामा विविधतालाई दरिलो पारी शान्ति, प्रगति र समृद्धिका साथै राष्ट्रियता र राष्ट्रिय एकतालाई बलियो बनाउँछ । समावेशीकरण नै नेपालमा सङ्घीय प्रणालीको मूल विशेषता हो (Inclusion is, again, a key feature of federalism in Nepal).

**(ङ) सामाजिक न्याय**

सामाजिक न्याय मानव अधिकार र समानताको सिद्धान्तमा आधारित हुन्छ । समाजको प्रत्येक तहमा जनताको जीवनमा प्रत्येक दिन मानव अधिकार प्रकट हुने माध्यम नै सामाजिक न्याय हो । सामाजिक न्याय समाजभित्र सम्पत्ति, अवसर र सुविधाको न्यायोचित वितरणसँग सम्बन्धित हुन्छ, ( justice is a justice in terms of the distribution wealth, opportunities privileges within a society) । त्यसैले सामाजिक न्याय सम्पत्ति, स्वास्थ्य, न्याय र अवसरमा सम्पूर्ण नागरिकहरूको समान रूपले पहुँच हुने राजनीतिक र दार्शनिक अवधारणा हो । समाजमा विभिन्न कारणले विद्यमान रहेका असमानता हटाई नागरिक स्वतन्त्रता, सहभागिता, शक्तिको वितरण, सामाजिक-साँस्कृतिक न्याय, सम्पत्ति, अवसर र आयको न्यायोचित वितरणमा जोड दिने अवधारणा नै सामाजिक न्याय हो । सामाजिक न्यायको महत्त्वपूर्ण पक्ष भनेको आर्थिक न्याय हो । समग्र रूपमा आर्थिक न्याय भनेकै समान आर्थिक समृद्धिको विचार हो । आर्थिक असमानतलाई न्यून गर्नु पनि आर्थिक न्याय नै हो । यसले समाजको प्रत्येक व्यक्तिका लागि आयआर्जन गर्न अवसरको समानता (Equality of Opportunity) प्रदान गर्दछ । आधारभूत आवश्यक सम्मान, स्वतन्त्रता, समान अवसर र अधिकारको वितरणमा समानता र निष्पक्षता नै आर्थिक न्यायका आधार हुन् । आर्थिक न्याय बिनाको स्वतन्त्रता पनि निरर्थक हुन्छ । रोग, भोक तथा अभावग्रस्त, अशिक्षित र वेरोजगार व्यक्ति मानवीय गरिमाबाट वञ्चित रहने हो भने राजनीतिक स्वतन्त्रता खोक्रो शब्द मात्र हुन जान्छ ।

सेवा र सुविधानको पहुँचमा समानता, आर्थिक स्रोत -साधन तथा शक्ति वितरणमा निष्पक्षता, स्वतन्त्रता एवं निष्पक्ष न्याय प्रणाली, समान  राजनीतिक र संवैधानिक अधिकारको प्रत्याभूति हुनु नै सामाजिक न्यायका मूलभूत सिद्धान्त हुन् । सीमान्तकृत तथा बहिष्करणमा पारिएका/परेका समुदायहरूको संरक्षण, राज्यलाई लोककल्याणकारी राज्यमा रूपान्तरण गर्न राज्यलाई जिम्मेवार बनाउन, जवाफदेही र पारदर्शी बनाउन, लैङ्गिक तथा वर्गीय उत्पीडन र विभेदलाई अन्त्य गर्न सामाजिक न्याय चाहिन्छ ।

हाम्रो समाजमा वर्ण व्यवस्था भेदभावको मूल जरा र जातिवाद तथा छुवाछूतको जननी नै सिद्ध भएका छन् । त्यसकारण हिन्दु समाजको एउटा ठूलो हिस्सा जसलाई दलित, शूद्र, अछूत आदि शब्दले सम्बोधन गरिए, तिनीहरूलाई शिक्षा, धन-सम्पत्ति र समताबाट वञ्चित पारिए । छुवाछूत प्रथाले उनीहरूलाई पशु-समान, अर्ध- मानव र पतित बनाइदिए । जहाँ सामाजिक न्याय हुन्न,

त्यहाँ व्यक्ति स्वतन्त्रताको कुनै अर्थ रहँदैन । डा. भीमराव अम्बेडकरको भनाई अनुसार, 'वर्ण व्यवस्थामा स्वतन्त्रता, समता र भ्रातृत्व आदर्शका लागि कुनै स्थान हुँदैन । नेपाल हिन्दु वर्णाश्रम व्यवस्थामा आधारित विखण्डित सामाजिक व्यवस्था भएकाले सामाजिक विभेद अत्यन्त बढी देखिन्छ ।' लैङ्गिक विभेदले गर्दा महिला र पुरूष बीचमा विभेद गरिन्छ भने ब्राह्मण, क्षेत्री, वैश्यले शूद्रलाई अछूतको नाममा विभेद गरिन्छ । त्यसैगरी मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम, पिछडावर्गमाथि पनि विभेद भइरहेको छ । समाजलाई विभिन्न क्षेत्रमा विखण्डित गरी कसैलाई विशेषाधिकार दिई संरक्षण गर्ने र कसैलाई विभेद गर्ने काम नै सामाजिक विभेद र अन्याय हो । छुवाछूत यसको सबैभन्दा विकृत र उग्र रूप हो । सामाजिक न्यायको अवधारणाका मुख्य आधारहरू - जात, जातिका आधारमा उच्च र नीचको भावना हटाउनु, लैङ्गिक असमानताको अन्त्य, धार्मिक विभेद र भेदभावको अन्त्य, भूमि र सम्पत्तिको समान वितरण, महिलालाई अंश र वंशमा समान अधिकार, छुवाछूत प्रथाको अन्त्य आदि हुन् । यसर्थ महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, पिछडावर्ग, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, भूमिहीन सुकुमवासी आदिलाई सामाजिक न्यायको प्रत्याभूति गराउनुपर्दछ ।

**(च) समाजवाद**

समाजवाद भनेको एउटा सामाजिक-आर्थिक विचारधारा हो । जसले समतावादी समाज निर्माण गर्न सम्पत्ति अथवा उत्पादनका साधनहरू - कलकारखाना, जमिन र प्राकृतिक स्रोतहरूमाथि निजी स्वामित्वको अन्त्य गरी सार्वजनिक स्वामित्वको स्थापना गर्दछ । समाजवादी व्यवस्थामा पुँजीवादी व्यवस्थाको अन्त्य, उत्पादनका साधनहरूको सामाजिकीकरण र सामाजिक हितमा परिचालन गरिन्छ, जहाँ उत्पादन र वितरणमाथि सार्वजनिक नियन्त्रण स्थापित हुन्छ । पुँजीवाद भनेको एक व्यक्तिबाट अर्को व्यक्तिको शोषण गर्ने व्यवस्था हो । व्यक्तिद्वारा व्यक्तिको शोषणको अन्त्य गर्नु नै समाजवाद हो । २१ औं शताब्दीमा मानवको लागि स्वतन्त्रता र न्यायको आशा नै समाजवाद हो ।

विश्वमा समाजवादको उदय पश्चिमका राष्ट्रहरूमा भए । वर्गीय समस्याहरू हल गर्नु नै समाजवादीहरूको मुख्य कार्यभार बन्यो, त्यहाँ नेपाल जस्तो जातीय समस्याहरू देखा परेका थिएन । नेपालमा लोकतान्त्रिक समाजवादको वकालत गर्ने नेपाली कांग्रेसले वैयक्तिक स्वतन्त्रता र सामाजिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्न सकेन भने कम्युनिस्टहरूले वर्गीय मुद्दाहरूमा मात्र जोड दिए । नेपालमा नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीहरू पटक-पटक सत्तारूढ हुँदा पनि श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूले मुक्ति पाएनन् । यसबाट प्रष्ट हुन्छ कि नेपाल जस्तो बहुराष्ट्रिय राज्यमा सङ्घीयता बिनाको समाजवाद प्राण बिनाको शरीर जस्तै हो ।

नेपालको विशिष्ट परिस्थितिमा समाजवादको आफ्नो मौलिक बाटो हुनुपर्दछ । युरोपियन समाजवाद नेपालको लागि सही नहुन सक्छ । अतः नेपालीहरूले आफ्नै आर्थिक, सामाजिक, साँस्कृतिक परिवेशमा आफ्नो अवधारणा र नीतिहरू आफैं निर्माण गर्नुपर्दछ । हाम्रो समाजमा आर्थिक असमानता र जात, जाति, वर्ण व्यवस्था र सामाजिक-साँस्कृतिक विविधता पनि रहेका छन् । सङ्घीय शासन प्रणालीसहितको समाजवाद नै हाम्रो मौलिक बाटो हो । सङ्घीयतालाई देशको उत्पीडित राष्ट्रियताहरूमाथि भइरहेको विभेदबाट मुक्तिको आधारको रूपमा र समाजवादलाई श्रमजीवी वर्गको मुक्तिको आधारको रूपमा लिएका छौं । सङ्घीय शासन प्रणाली यसको रूप हो भने समाजवाद राजनीतिक, सामाजिक-आर्थिक व्यवस्था हो । यस प्रणालीमा जनताले राजनीतिक रूपमा नागरिक स्वतन्त्रता, आर्थिक रूपमा समानता र सम्पन्नताको अनुभव गर्ने छ । नागरिक स्वतन्त्रता अर्थात् लोकतन्त्रका साथै आर्थिक न्याय र सामाजिक न्यायसहितको व्यवस्था नै समाजवाद हो । समाजवाद समाज, समता र समृद्धिमा आधारित हुन्छ । समता बिनाको समृद्धि

अर्थहीन हुन्छ भन्ने समृद्धि बिना समता बेकाम हुन्छ। समाजमा सामाजिक रूपले पिछडिएका वर्ग वा समुदायका लागि सामाजिक न्याय र आर्थिक रूपले पछिपरेका समुदाय वा वर्गका लागि आर्थिक न्याय हुनुपर्दछ। त्यस्तै लोकतन्त्र, समता र सम्पन्नताको अभावमा समाजवादी व्यवस्था हुन सक्दैन, आर्थिक समानता बिना राजनीतिक समानता पनि सम्भव हुँदैन। समतामूलक समृद्धि, सम्पन्नता र राष्ट्रिय एकता यसको मूल ध्येय हो। यसले समग्र नेपालीलाई राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय, सबै खाले विभेद र उत्पीडनबाट मुक्त गर्ने छ। जनतालाई भय-आतंक, भोक, रोग, बेरोजगारी, अशिक्षा, अन्धविश्वास, कुरीति आदिलाई समाजवाट अन्त्य गरिनेछ। यसले नेपाली समाजमा विद्यमान सबै खाले असमानता, विभेद र उत्पीडनलाई अन्त्य गरी समानता, स्वतन्त्रता र सामाजिक न्यायमा आधिरत समाजको निर्माण गर्नेछ। समाजवादमा देशका सम्पूर्ण नागरिकहरूले आ-आफ्नो योग्यताअनुसारको काम र आ-आफ्नो योगदानअनुसारको हिस्सा प्राप्त गर्ने अधिकार राख्दछ। वर्तमान परिस्थितिमा नेपालको समाजवादमा राजकीय, सहकारी र निजी स्वरूप भएको मिश्रित स्वामित्व प्रणाली हुनेछ।

राष्ट्रिय औद्योगिक पुँजीवादको जग निर्माण गर्दै समाजवादमा पुग्ने हाम्रो राणनीतिक बाटो हुनेछ। वर्तमान क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्दै सामाजिक-आर्थिक ढाँचामा चरणबद्ध रूपमा परिवर्तन गरिनेछ। बजार र योजनाबद्ध विकासको समन्वय हुने यस्तो अर्थतन्त्रमा पहिलो चरणमा समाजवाद उन्मुख, दोस्रो चरणमा समाजवादमा आधारित मिश्रित अर्थतन्त्र र तेस्रो चरणमा समाजवादी अर्थतन्त्रको विकास गर्ने नीति लिइने छ।

नेपालको संविधानमा समाजवाद उन्मुख उल्लेख भएपश्चात् आफूलाई समाजवादी भन्नेहरूको होड नै चलेको छ। कम्युनिस्ट वा गैर-कम्युनिस्टलगायत धेरै थरिका पार्टीहरूभित्र समाजवादी भन्ने होड नै चलेका छन्। तर, अरू पार्टीमा समाजवादको वैचारिक तथा सैद्धान्तिक रूपले स्पष्ट धारणा देखिँदैन। जबकि हामीले समाजवाद तथा समाजवादी लोकतन्त्रको सम्बन्धमा स्पष्ट धारणा अघि सारेका छौँ।

**(छ) समाजवादी लोकतन्त्र**

२१ औं शताब्दीलाई लोकतन्त्र, सामाजिक, आर्थिक र पर्यावरणीय (Ecological) प्रगतिको शताब्दी बनाउनुपर्दछ। मुलुकमा उचित कार्य (Decent work) को सिर्जना, गरिबी, बेरोजगारीको अन्त्य, समाजमा बढ्दो लैङ्गिक असमानता र हिंसाको अन्त्य गरी लैङ्गिक समानता तथा घृणा र जातिवादको अन्त्य, व्याप्त अनियन्त्रित वित्तीय बजारको नियमन र वातावरणीय प्रदूषण नियन्त्रण, दिगो आर्थिक, सामाजिक र पर्यावरणीय विकास, शान्ति र मानव अधिकारको प्रत्याभूति, नरसंहारको हतियार निर्माणमा रोक, निशस्त्रीकरणका साथै सधैँको लागि सबैको लागि भोकमरी, गरिबी र बेरोजगारीको अन्त्य गर्ने शताब्दी हुनुपर्दछ। समाजवादी लोकतान्त्रिक गणतन्त्र नेपाली जनक्रान्तिको मार्गदर्शक सिद्धान्त हो। सङ्घीयताले विविधतामा एकतालाई प्रोत्साहन गर्दछ। भाषा, जाति, धर्म, संस्कृतिको विविधतालाई जीवन्तता दिँदै एकताको अभिबृद्धि गर्दछ। पहिचान र विविधतामा एकताको लागि सङ्घीयता र वर्ण, वर्ग, लिङ्ग, क्षेत्र जात, जाति, धर्म, भाषा आदिका आधारमा हुने शोषण, उत्पीडन र विभेदलाई अन्त्य गरी समानता, स्वतन्त्रता, सम्पन्नता र सामाजिक न्यायका लागि समाजवादी गणतन्त्र हो। तसर्थ हाम्रो पार्टीको लक्ष्य नै नेपालमा सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु हो। सङ्घात्मक शासन प्रणाली भएको मुलुकमा विभिन्न भाषा-भाषी, धर्मावलम्बी तथा आफ्नो परम्परा र संस्कृति भएको जाति, जनजाति सबैको समानुपातिक प्रतिनिधित्वका आधारमा सहभागिता हुन्छ वा हुनुपर्दछ। विभिन्न जाति/राष्ट्रहरूको जातीय /राष्ट्रिय वा साँस्कृतिक पहिचानको मान्यता हुनुपर्दछ। समाजवाद एउटा यस्तो आर्थिक अवस्था हो, जहाँ देशको सम्पूर्ण

अर्थतन्त्रको स्वामित्त्व पूर्णतः सरकारमा निहित हुन्छ, जसलाई सामाजिक स्वामित्व पनि भनिन्छ। स्वामित्व अन्तर्गत वस्तुको उत्पादन, नियन्त्रण र व्यवस्थापन आदि पर्दछ।

वैज्ञानिक समाजवादका जन्मदाता कार्ल मार्क्स हुन्। कार्ल मार्क्स र फ्रेडरिक ऐङगेल्सले सन् १८४८ मा प्रकाशित गरेको कम्युनिस्ट घोषणापत्रले समाजवादको अवधारणालाई प्रष्ट गरेको छ। जसअनुसार समाजवाद एउटा यस्तो आदर्श आर्थिक र राजनीतिक प्रणाली हो, जहाँ सबै प्रकारका उत्पादनका साधनहरू राज्यद्वारा नियन्त्रित हुन्छन् र नागरिकलाई न्यायपूर्ण ढंगले वितरण गरिन्छ। समाजवादी प्रणालीमा सार्वजनिक सम्पत्तिको सुरक्षा प्रबर्द्धन र विकास गर्नु हरेक नागरिकको कर्तव्य हुन्छ। समाजवादमा व्यक्तिगत सम्पत्तिको नियन्त्रण र वितरण सामाजिक नियन्त्रणको माध्यमबाट गरिन्छ। अर्को अर्थमा समाजवाद भनेको राज्यद्वारा नागरिकहरूको आधारभूत आवश्यकताहरू जस्तै गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार, सुरक्षा आदि समान ढंगले वितरण गरिने र प्रत्याभूत गराइने राजनीतिक तथा आर्थिक प्रणाली हो। समाजवादले राजनीतिक र आर्थिक अर्थमा समानतालाई स्वीकार गरेको छ। राजनीतिक अर्थमा समाजवाद भनेको लोकतान्त्रिक गणतन्त्र हो, जहाँ जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जननिर्वाचित प्रतिनिधिद्वारा हुने व्यवस्था यसमा निहित समानताको पक्ष राजनीतिक रूप हो। आर्थिक समानता सबै नागरिकमा हुनुपर्दछ। समानतासँगै सम्पन्नता अथवा समृद्धि पनि हुनुपर्दछ। उत्पादनको दृष्टिकोणले पिछडिएको समाजमा आर्थिक समानता अर्थहीन हुन्छ। स्वतन्त्रतालाई समानताबाट अलग गर्न सकिँदैन, समाजवादको लक्ष्य यी दुबै सिद्धान्तहरूबीच समान्जस्य स्थापित गर्नु हो। यदि आर्थिक समानता स्थापना गरिएन भने राजनीतिक अधिकारहरू कागजमा मात्र सीमित रह्न जान्छ। जबसम्म आर्थिक समानता हुँदैन, तबसम्म वास्तविक लोकतन्त्रको स्थापना हुन सक्दैन। लोकतन्त्र बिना समाजवादको स्थापना सम्भव हुन सक्दैन।

पुँजीवादी व्यवस्था र २० औं शताब्दीका कम्युनिस्ट शासन प्रणाली दुवैले आवश्यक मानवीय समस्याहरू -गरिबी, भोकमरी, कुपोषण, बेरोजगारी, आर्थिक शोषण, जातिवाद, नश्लवाद, रङ्गभेद, प्राकृतिक स्रोतको बिनाश, असमावेशीता जस्ता समस्याहरूलाई हल गर्न सकेन। नेपालको सन्दर्भमा पुँजीवादी लोकतन्त्रको विकल्प समाजवादी लोकतन्त्र नै उपयुक्त देखिन्छ। समाजवादी लोकतन्त्र समृद्धि, समानता र सामाजिक न्यायमा आधारित प्रणाली हो। यो बहुलवाद र बहुसाँस्कृतिकवादको मान्यतामा आधारित प्रणाली हो। समाजवादी लोकतान्त्रिक गणतन्त्रमा वर्ग, वर्ण, लैङ्गिक, जात, जाति, भाषा, धर्म आदिका आधारमा हुने सबै खाले शोषण, जन्म र जातिमा आधारित विभेद र असमानताको अन्त्य गर्नु हो। सामाजिक अन्धविश्वास रूढिवाद, कट्टरवाद आधिपत्यवाद, कुरीति, विकृति तथा विसंगतिको अन्त्य, ज्ञान, विज्ञान र प्रविधिमा आधारित आधुनिक समाजको निर्माण हुन्छ। राज्यको दायित्वमा सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सुरक्षा र सम्पत्ति, शक्ति र अवसरमा समानता तथा रङ्गभेद, जातीय विभेद, धनी र गरिबबीचको विभेद, शासक र शासित, महिला र पुरूष, दलित र गैर-दलितबीच रहेको शोषण, उत्पीडन र विभेदको उन्मूलन हुने प्रणाली नै समाजवादी लोकतन्त्र हो। समाजवादले उन्नत जीवन सबैका लागि (Quality life for all) तथा सामाजिक र आर्थिक समानता कायम गर्दछ। हाम्रो पार्टीले क्रान्तिकारी समाजवादी लोकतन्त्र (Radical Socialist Democracy) को विश्व परम्परालाई आधारभूत रूपमा अङ्गिकार गरिने छ। तर अन्धानुकरण गर्ने छैन। त्यसलाई समय र परिस्थितिअनुरूप विकसित र परिमार्जित गर्दै लैजाने छ।

## ६. राजनीतिक शक्तिहरूको विश्लेषण

लोकतान्त्रिक शासन व्यवस्थामा शक्तिको आधार राजनीतिक दल हुन राजनीतिक दलहरूको निश्चित सोच, विचार, एजेण्डा र दृष्टिकोणको पैरवी गरिरहेका हुन्छन्। नागरिकको समर्थन र

झुकाव जुन दलतिर ढल्किन्छ, सोही बमोजिमको सामाजिक, राजनीतिक तथा आर्थिक प्रणाली स्थापित हुँदै जाने सम्भावना रहन्छ । अतः दलहरूको उपस्थिति, विचार र भूमिकाबारे प्रष्ट धारणा बनाउन आवश्यक हुन्छ ।

**(क) नेपाली कांग्रेस**

वैचारिक दृष्टिकोणले नेपाली कांग्रेस 'उदार लोकतान्त्रिक' धारको नेतृत्व गर्ने पार्टी हो । औपचारिक तवरले दस्तावेजमा 'प्रजातान्त्रिक समाजवाद' लेखे पनि २०४६ सालपश्चात् उसको कुनै पनि व्यवहार र एजेन्डाले कांग्रेस समाजवादी दल भएको पुष्टि गर्दछ । २०४६ सालपछि कांग्रेस नेतृत्वमा सरकार बन्यो र उसले आफ्ना नीतिहरू पुँजीवादी बजार अर्थतन्त्रको पक्षमा लक्षित गर्दै गयो । नेपाली कांग्रेस विश्वव्यापीकरण, निजीकरण, खुला बजारमा आधारित अर्थव्यवस्था र आर्थिक उदारीकरणको पक्षमा उभियो । नेपाली कांग्रेस अर्थतन्त्रलाई बजारमा खुला छोडिदिनुपर्छ र यसमा कुनै किसिमको नियन्त्रण हुनु हुँदैन भन्ने मान्यता राख्दछ । सन् १९९० को नवउदारवादको विश्वव्यापी लहरले कांग्रेसलाई 'प्रजातान्त्रिक समाजवाद'को अवधारणाबाट बाहिरिन सहज बनाइदियो । यो धारसँग हाम्रो पार्टीको मिल्ने विषय भनेको नागरिक स्वतन्त्रता र बहुदलीय व्यवस्था मात्र हो । अरू सबै कुरामा यो पार्टी भन्दा हामी फरक छौं ।

यो पार्टी हिजो संवैधानिक राजतन्त्रको पक्षधर थियो । परिस्थितिवश लतारिएर गणतन्त्रसम्म आयो, तर हामी सिद्धान्तले नै गणतन्त्रवादी हौं । गणतन्त्र जस्तै यो हिजो सङ्घीयता र समावेशीताको विरूद्धमा थियो । अनिच्छावश मान्न बाध्य भयो । तर हामी वैचारिक प्रतिबद्धताकै दृष्टिकोणले सङ्घीयता र समावेशीताको पक्षमा छौं । धर्मनिरपेक्षता हाम्रो वैचारिक प्रतिबद्धता हो । नेपाली कांग्रेसका कयौं नेताहरू अहिले पनि सार्वजनिक रूपमा नै यसका विरूद्धमा रहेका छन् ।

यो पार्टीले संसदीय लोकतन्त्रलाई आफ्नो अडान बनाएको छ । संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्णसमानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसको यो अडान पनि थियो । यो पार्टी उत्पीडित जनताको मुक्ति, पहिचान र अधिकारको विपक्षमा छ । सङ्घीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्ततासहितको सङ्घीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात छ । कांग्रेस सहभागीतामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरूद्धमा उभिने गरेको छ । यो पार्टीको सरकारले नै नेपालमा निरपेक्ष निजीकरण र उदारीकरण सुरूवात गरेको थियो । राष्ट्रिय उद्योगधन्दाहरू समाप्त पार्ने, कृषि अनुदान कटौती गर्ने, कृषि प्रधान देशलाई कृषि वस्तुमै परनिर्भर आयातकर्ता बनाउने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापार घाटामा पार्ने, शिक्षा र स्वास्थ्यको अति व्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरणमार्फत् अव्यवस्थित शहरीकरण र शहरी सुकुमवासी समस्या सिर्जना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जताततै मूल्य कार्टेलिङ्ग र सिन्डीकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतहरूमा निश्चित वृत्तलाई मात्र पोस्ने र कमिसन तन्त्रलाई बढावा दिने जस्ता प्रवृत्तिहरू कांग्रेसले संस्थागत गरेको हो ।

कांग्रेसको शासनकालमा लाउडा, घमीजा, सुडान जस्ता ठूल्ठूला भ्रष्टाचार काण्डहरू भए तर कहिल्यै विश्वसनीय छानबिन भएन । सुशासनको सवालमा यो पार्टीको प्रतिबद्धता व्यवहारमा देखिएन । आज कांग्रेस आफ्नै असक्षमता, अकर्मण्यता र नालायकीको भारले थिचिएको छ । प्रमुख प्रतिपक्षको भूमिकासमेत राम्ररी निभाउन नसक्ने गरी थङथिलो भएको छ । तथापि यो पार्टीको देशभरि फैलिएको संगठन र परम्परागत जनमत छ । वैकल्पिक लोकतान्त्रिक तथा समाजवादी दलको अभावमा राजावादी र कम्युनिस्टलाई भोट दिन नचाहने जनमतले यो पार्टीलाई भोट दिँदै आएको छ । हाम्रो पार्टीले यो जनमतमाथि उल्लेखनीय हस्तक्षेप गर्नुपर्दछ । वैकल्पिक लोकतान्त्रिक

शक्तिको उदय भइसकेको सन्देश दिनुपर्दछ । तथापि नेपाली कांग्रेस उदारवादी लोकतान्त्रिक शक्ति भएकाले लोकतन्त्र, राष्ट्रियता र विकासको सवालमा हाम्रो पार्टीले सहकार्य गर्न सक्दछ ।

**(ख) नेपाल कम्युनिस्ट पार्टी (एमाले)**

नेपाल कम्युनिस्ट पार्टीको स्थापना साम्राज्यवाद विरूद्ध सङ्घर्ष, सामन्तवादको अन्त्य, जहानियाँ राणा शासनको अन्त्य, जनवादी गणतन्त्रको स्थापना सँगै जनवाद, समाजवाद हुँदै साम्यवादी लक्ष्य प्राप्तिको लागि सङ्घर्ष गर्ने उद्देश्यबाट भएको थियो । तर, सन् १९९० को दशकमा सोभियत सङ्घको पतनपछि एमालेले 'जनताको बहुदलीय जनवाद' मार्फत् परम्परागत संसदीय प्रणालीको बाटो समात्यो । 'एकैसाथ संसदवादी' र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको छ । पार्टीको स्थापनाकालीन मान्यता, सिद्धान्त र उद्देश्यहरू विश्वव्यापी रूपमा असफल भएपछि नेपाली कम्युनिस्ट आन्दोलन कुहिरोको काग जस्तै भएको छ, एकातिर उनीहरू मार्क्सवाद-लेनीनवाद-माओवादप्रति शब्दनिष्ठा व्यक्त गर्न छाडेका छैनन् भने अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे उनीहरूमा व्यापक अन्योल, अविश्वास, निराशा र हिनतावोध छ । यही वैचारिक संकटबीच उनीहरूले आफूलाई 'दार्शनिक तथा वैचारिक कम्युनिस्ट नभएर केवल राजनीतिक रूपमा मात्र कम्युनिस्ट' भएको बुझिदिन आग्रह गर्दै आएका छन् । एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शंका नगर्न अनुनय-विनय गर्दछन् भने 'अर्कोतिर कम्युनिस्ट - कम्युनिस्ट' को नाममा सामीप्यता र आडभरोसा खोज्न पनि छोडेका छैनन् । एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्ने बित्तिकै गौरव पनि गर्दछन् । यसरी नेपालको कम्युनिस्ट आन्दोलन वैचारिक रूपले अँध्यारो सुरूङभित्रको यात्रा गरिरहेको छ । हामीले यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने दार्शनिक, वैचारिक रूपमा अन्योलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी संगठनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन सक्दैन । आउँदा केही वर्ष वा दशकभित्र कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख छ । एमालेको राजनीतिक व्यवहार र सञ्चालन गरिरहेको सरकारले यही कुरा पुष्टि गर्दछ । कम्युनिस्ट पार्टीका ठूल्ठूला नेताहरू भ्रष्टाचार, कमिसनतन्त्र तथा नैतिक पतनको घटनामा लज्जास्पद ढंगले उदाङ्गिदै छन् । आर्थिक क्षेत्रमा उदारवाद, नवउदारवादी, नीतिलाई नै निरन्तरता दिइरहेको छ । शिक्षा र स्वास्थ्यको व्यापारीकरण कम्युनिस्ट नेतृत्वको सरकारमा पनि रोकिएको छैन । सम्पत्ति शुद्धिकरण आयोगलाई निष्क्रिय बनाउने तथा ठूला आयोजनाहरू बिना टेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसँगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका छैन । निर्दलीय व्यवस्थाका पञ्चहरू भन्दा पनि तल्लोस्तरका क्रियाकलाप र चरित्रको प्रदर्शन नेपाली कम्युनिस्टहरूले गरिरहेका छन् । वर्तमान संविधान जारी गर्दा बखत कांग्रेससँग मिलेर मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, खस-आर्य, दलित, महिला, पिछडावर्ग आदि आन्दोलनलाई निर्मम रूपले दमन गर्ने, संसदीय शासकीय प्रणाली कायम राख्ने, पहिचान र सामर्थ्यका आधारमा राज्यपूनर्संरचना हुन नदिने नेकपा (एमाले)को प्रत्यक्ष संलग्नता रहेको छ, 'कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकरणको नाममा नेकपा (एमाले) नेपाली कांग्रेस जस्तै औपचारिक- प्रतिनिधिमूलक संसदीय लोकतन्त्र/उदारवादी लोकतन्त्रको पक्षपाति बन्न पुगेको छ । आफूलाई पहिचान, समानुपातिक समावेशी, सहभागितामूलक तथा प्रत्यक्ष लोकतन्त्र र राष्ट्रिय/जातीय, वर्गीय, लैङ्गिक मुक्तिको विरूद्धमा उभ्याएको छ । यस्तो प्रवृत्तिविरूद्ध हाम्रो पार्टीले तीव्र वैचारिक तथा राजनीतिक सङ्घर्ष गर्नुपर्दछ । कम्युनिस्ट समर्थक र तल्लो तहका इमान्दार कार्यकर्ता पंक्तिलाई प्रशिक्षित गर्दै समाजवादी लोकतन्त्र/समाजवादी लोकतन्त्रको मार्गचित्र र कार्यदिशाबारे प्रशिक्षित गर्दै ध्रुवीकृत गर्ने प्रयास गर्नुपर्छ ।

### (ग) नेपाल कम्युनिस्ट पार्टी (माओवादी-केन्द्र)

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले १० वर्षे जनयुद्धमार्फत् प्रारम्भिक कालको जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्यलाई स्थगन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्त्वपूर्ण योगदान गऱ्यो । पछि मार्क्सवाद, लेनिनवाद र माओवाद मार्गदर्शक सिद्धान्त र सर्वहारा श्रमिक वर्गको अग्रस्तरता भन्दै विस्तारै विस्तारै उदारवादी लोकतान्त्रिक संसदीय प्रणालीलाई नै व्यवहारमा अपनाउन पुगे । संसदीय निर्वाचनमा आफ्नो स्थिति अत्यन्त कमजोर हुने देखेर बाध्य भई नेकपा (एमाले) सँग मिलेर चुनाव लड्यो । त्यसपछि दुवै पार्टी एकीकृत भई नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) हुन पुगे, पछि सत्ता स्वार्थ र नेतृत्वको बीचको आन्तरिक द्वन्द्वका कारण यो एकता टिक्न सकेन र फुटेर नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) बनाई स्थानीय निर्वाचन र संसदीय निर्वाचनमा नेपाली कांग्रेससँग मोर्चाबन्दी गरी चुनाव लड्यो । यो पार्टीले आफूलाई सर्वहारा वर्गको पार्टी भने तापनि वास्तवमा पार्टीको आशा र विश्वास देखिन्न । कम्युनिस्ट-माओवादी नामको खोलभित्र रहेका विकृति निम्न पुँजीवादी चरित्र बोकेको पार्टी हो । चिन्तन र व्यवहारमा मार्क्सवादी-लेनिनवादी माओवादी नभई ढूलमूले, अवसरवादी चरित्र नै हाबी रहेको छ । यस पार्टीका नेता-कार्यकर्ता ठूल-ठूला भ्रष्टाचार, कमिशनतन्त्र र जग्गा दलालीमा लिप्त छन् । पछिल्लो कालखण्डमा नेकपा (माओवादी केन्द्र) विकृति र विसंगतिको केन्द्रको रूपमा स्थापित हुँदै गइरहेको छ । यो पार्टीले सैद्धान्तिक रूपमा आफूलाई कम्युनिस्ट भने तापनि राजनीतिक रूपमा नेकपा (एमाले) भन्दा खासै भिन्नता देखिँदैन ।

### (घ) राष्ट्रिय प्रजातन्त्र पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल पुरातन सम्वर्द्धनवादी धारको प्रतिनिधि पार्टी हो । यो पार्टीले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षतालाई अन्त्य गरी वंशानुगत राजतन्त्रात्मक शासन प्रणलीको पुनर्स्थापना गर्न चाहन्छ । राप्रपाले आफूलाई राजावादी, हिन्दु राष्ट्रवादी पार्टी भन्न रूचाउँछन् । पुराना शासकवर्ग र परिवार, राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ता पञ्चहरूको राजनीतिक रक्षाकवचका रूपमा यो पार्टीको उदय भयो । जनताको धार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहेन । यो पार्टी पछिल्लो चुनावमा केही स्थान हासिल पनि गरेको छ । 'महेन्द्रीय राष्ट्रवाद'को पैरवी गर्न राप्रपा धारले बेलाबेलामा कांग्रेस-कम्युनिस्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गर्दछ र राजतन्त्र फर्किने हल्ला पनि गर्दछ । नेपाली जनताको लामो सङ्घर्ष र ठूलो बलिदानको मूल्यमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएका छन् जबकि त्यो फर्किने कुनै सम्भावना नै छैन । तथापि यो पार्टीले छर्ने आवश्यक भ्रमलाई चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनुपर्दछ ।

### (ङ) लोसपा

लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी हो । यो पार्टीसँग हाम्रा केही ऐजेण्डाहरू मिल्छन् । तर, यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैं लिन सक्दैन, अर्काको मुख ताक्ने गर्दछ । तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिन्छ ।

### (च) अन्य दलहरू

उपरोक्त दलहरू बाहेक पनि नेपालमा केही दलहरू छन् । जस्तै कम्युनिस्ट घेराभित्रै नेकपा ( एकीकृत समाजवादी), नेकपा (मसाल), नेकपा (विप्लव), नेमकिपा, माले आदि । यी दलहरू वा त शास्त्रीय साम्यवादको धङधडीबाट ग्रस्त छन् वा त नेकपा (एमाले) कै उपग्रही विचार बोक्दछन् । राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ दलहरूले विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीति नभएको चिन्ता व्यक्त गर्दै छन् । यो सकारात्मक कुरा नै हो । तर, यी दलका

बिचार के हुन् ? र केकस्ता ऐजेण्डा बोक्ने हुन् त्यो प्रष्ट छैन । केही नयाँ गरौं भन्ने हुटहुटीले यी दल बनेका हुन सक्छन् । यिनीहरूलाई धैर्यतापूर्वक बुझ्ने, पर्खने गर्नुपर्दछ । यसका साथै गलतबाटोतर्फ न जाउन् भनेर वैचारीक सङ्घर्ष पनि जारी राख्नुपर्दछ ।

## ७. राष्ट्रिय/जातीय सवालहरू

नेपाल बहुराष्ट्रिय/बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र क्षेत्रीय विविधता भएको देश हो । नेपालमा लामो समयसम्म शाहवंशीय राजाहरूको शासन, राणाहरूको जहाँनियाँ शासन, निर्दलीय निरंकुश पञ्चायती व्यवस्था र त्यसपश्चात् स्थापित बहुदलीय व्यवस्थासम्म एकात्मक, एकल जातीय केन्द्रीकृत शासन व्यवस्थाको अभ्यासले गर्दा जात, जाति, वर्ग, वर्ण, धर्म, भाषा, क्षेत्र र लिङ्गका आधारमा उत्पीडन तथा विभेदहरू देखिन्छन् । मधेशी समुदाय, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारू, खस, पिछडावर्ग, अल्पसंख्यक समुदायहरू राज्यसत्ता र शासक वर्गद्वारा राजनीतिक, सामाजिक र आर्थिक रूपले विभेद, असमानता, शोषण, अन्याय र बहिष्करणमा पारिएका छन् ।

### (क) मधेशी समुदायको सवाल

मधेश र मधेशी समुदायप्रति शताब्दियौँदेखि राज्यद्वारा अपनाइएको आन्तरिक औपनिवेशवादी नीति र राष्ट्रिय राजनीति, अर्थतन्त्र र विकासको मूलप्रवाहबाट बाहिर पारिएका छन् । मधेशी समुदाय अझसम्म विभेद र बहिष्करणमा पारिएका छन् । मधेशी समुदायले आफ्नो भेषभूषा, भाषा, संस्कृतिको मान्यतासहित राष्ट्रिय पहिचान (National Identity) र आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकार तथा सुरक्षा निकाय र कर्मचारीतन्त्र संवैधानिक निकायहरू, न्यायपालिकालगायतका निकायहरूमा न्यायोचित प्रतिनिधित्व तथा साधन र स्रोतमा समान पहुँचका लागि अझै सङ्घर्ष गरिरहनु परेको छ । ऐतिहासिक मधेश जनविद्रोहमा स्वायत्त मधेश प्रदेशको माग उठेको थियो । नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मोर्चाबीच २०६४ साल फागुन १६ गते भएको सम्झौतामा **'मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहनालगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशसहितको सङ्घीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ'** उल्लेख गरिएको छ । त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ (१क) मा **'मधेशी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमात्मक राज्य हुनेछ'** भनी लेखिएको छ, तर राज्यले मधेशी एकतालाई खण्डित गर्ने गरी मधेशलाई टुक्रा -टुक्रा गरी त्यहाँका जनतालाई धोका दिने कार्य गरेका छन् । ८ जिल्लालाई मात्र मधेश कायम गर्नु कदापी न्यायोचित हुन सक्दैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार तराई/मधेशको कुल जनसंख्या ५३.६६ प्रतिशत रहेको छ । यसप्रकार जनसंख्याको आधारमा तराई/मधेशबाट प्रतिनिधित्व हुने गरी संसदीय निर्वाचनको पुनर्निर्धारण गरिनुपर्दछ । मधेशी समुदायका लागि स्वायत्तता अर्थात् स्वशासनसहित राज्यका सबै संयन्त्र, निकाय र अङ्गहरूमा जनसख्याको अनुपातमा समावेशी तथा समानुपातिक प्रतिनिधित्वको सवाललाई सम्बोधन गरिनुपर्दछ । मधेशमाथि शताब्दियौंदेखि राज्यद्वारा लादिएको आन्तरिक औपनिवेशीकरणको नीतिलाई अन्त्य गरी आत्मनिर्णयका अधिकारसहित प्रादेशिक स्वायत्तता अथवा स्वशासनको प्रत्याभूति गराइनुपर्दछ । मधेशको शासन, प्रशासनका साथै जल, जंगल र जमिनलगायत प्राकृतिक साधन र स्रोतमाथि यहाँको मूलवासी अर्थात् धर्तीपुत्र (Son of the Soil) मधेशीको अग्राधिकारको स्थापना, राष्ट्रिय पहिचानको मान्यता तथा भेदभाव, असमानता र विभेदको अन्त्य गरिनुपर्दछ । असमानता र विभेदको अन्त्य गर्दै मधेशी समुदायका समस्याहरूको समाधान र आर्थिक, सामाजिक रूपान्तरणसहितको समृद्धिमा हाम्रो पार्टीले नेतृत्वदायी भूमिका खेल्नुपर्दछ ।

**(ख) आदिवासी जनजातिको सवाल**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा जात, जातिको संख्या १४२ रहेको छ । त्यसैगरी मातृभाषाको सङ्ख्या १२४ पुगेको छ । कुल जनसंख्याको लगभग एक तिहाई भन्दा बढी जनसंख्या आदिवासी जनजाति रहेका छन् । नेपालमा सामन्तवादी तथा जातिवादी सोच, चिन्तन र व्यवहारमा राजतन्त्रात्मक शासन प्रणालीको सुरूवातसँगै आदिवासी जनजातिहरूको बहिष्करण र सीमान्तीकरणको लामो इतिहास रहेको छ । राष्ट्रिय औसतको तुलनामा नेपालका बहुसंख्यक आदिवासी जनजाति आर्थिक तथा अन्य मानव विकास सूचकाङ्कअनुसार आधा भन्दा बढी गरिबीको रेखामुनि रहेका छन् । संरचनात्मक विभेद, न्यून राजनीतिक प्रतिनिधित्व, शिक्षा, तालिम र रोजगारीको अवसर तथा शक्ति, स्रोत र साधनमा पहुँचको अभावले गर्दा आदिवासी जनजातिहरूमा गरिबी गहिरिएको छ । शासन शक्ति केन्द्र तथा नीति निर्माणमा यिनीहरूको सहभागिता नगन्य नै रहेका छन् । आदिवासी जनजाति आन्दोलनको मुख्य कारण -बहिष्करणमा परिनु, हिस्सेदारीविहिन र प्रतिनिधित्वविहिन राज्य हुनु नै हो । जातीय, सामाजिक, साँस्कृतिक, भाषिक उत्पीडन र विभेदको अन्त्य गर्नु नै उनीहरूको मुख्य मुद्दा हुन् । राजनीतिक, आर्थिक र सामाजिक बहिष्करणको अन्त्य गर्नु अर्को महत्त्वपूर्ण मुद्दा हो । शताब्दियौँदेखि कायम रहेको असमानता र विभेद (Inequalities and Discrimination) नै पीडाको मूलजड हुन् । यसका अतिरिक्त पहिचानको संकट र असमावेशीकरण पनि हो । आदिवासी जनजातिहरूको लागि International Labour Organisation (ILO convention No.169), जसलाई नेपालले सेप्टेम्बर २००७ मा अनुमोदन गरिसकेको छ, यसलाई संविधान र कानुनमा व्यवस्था गरी कार्यान्वयन गर्नु पनि हो । राज्य पुनर्संरचना समावेशी हुनुपर्ने, राष्ट्रिय/जातीय पहिचानको मान्यता, मातृभाषाको मान्यता, क्षेत्रीय/प्रादेशिक स्वायत्तता र जातीय आत्मनिर्णयको अधिकार, राष्ट्रिय/जातीय पहिचानको आधारमा सङ्घीय प्रदेशहरूको संरचना, राज्यका सबै निकायहरूमा जातीय संरचनाको आधारमा समानुपातिक प्रतिनिधित्व, बहिष्करण र सीमान्तीकरणको अन्त्य आदि आदिवासी जनजातिका प्रमुख सवालहरू रहेका छन् । यसका अतिरिक्त आ-आफ्नो थातथलोमा स्वशासन, पहिचान र सामूहिक अधिकार पनि हो । उनीहरूको थातथलो भूमिको आधारमा पहिचान जनित प्रदेशको नामाकरण गर्नु हो । राष्ट्रिय/जातीय पहिचानको आधारमा राज्यको पुनर्संरचना गरिनुपर्ने र स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्रको निर्माण गरिनुपर्दछ । आदिवासी जनजाति समुदायको जल, जंगल जमिनमाथिको अधिकार स्थापित हुनुपर्दछ । मधेशका जनजातिहरू सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक र अवसरका दृष्टिकोणले झन् बढी विभेदमा पारिएका छन् । उनीहरूको मौलिक प्राकृतिक धर्म, संस्कृतिको संरक्षण र प्रवर्द्धनसहितको आत्मसम्मानको रक्षा गरिनुपर्दछ ।

**(ग) पिछडावर्गको सवाल**

पिछडावर्ग भन्नाले समाजमा सामाजिक, आर्थिक र शैक्षिक रूपमा पछाडि परेका र अन्य वर्गको तुलनामा तल्लोस्तरमा रहेको, तर दलित र जनजातिमा नपर्ने जातलाई पिछडावर्ग (Other Backward Class) भनिएको छ । यस वर्गभित्र कुशवाहा, कुर्मी, कुम्हार, कहार, कलवार, केवट, कानु, तेली, धानुक, नुनिया, बनिया, भेडियार, माली, मल्लाह, मुस्लिम, यादव, राजभर, राजधोब, रौनियार, लोहार, लोध, सुँढी, सोनार, हजाम, हलुवाई, अमात, कैवरत, बिन, बरही, जोगिया, कलाल, वैश्य, पटनवार, कथवनियाँ, नाई, बढई, अहिर, विश्नोई, सुनार आदि जातिहरू पर्दछन् । नेपालमा दलित, आदिवासी जनजातिहरू पनि पिछडिएका छन् । तर, पिछडावर्ग (OBC) को सामाजिक, आर्थिक, राजनीतिक अवस्था उनीहरूभन्दा भिन्न रहेकाले यिनीहरूलाई पिछडावर्ग भनेका हुन् । राष्ट्रिय जनगणना २०७८ अनुसार पिछडावर्गको जनसङ्ख्या कुल जनसख्याको १८ प्रतिशत रहेको छ । पिछडावर्ग सामाजिक र शैक्षिक रूपमा पछाडि परेका छन् । यिनीहरूको पहुँच राज्यको नीति

निर्माण तहमा अत्यन्त न्यून रहेका छन् । निजामती सेवा, प्रहरी, सेना, कुटनैतिक सेवालगायत राज्यका निकायहरूमा पिछडावर्गको पहुँच हुन नसकेका कारण यिनीहरू राष्ट्रिय मूलप्रवाहमा समाहित हुन सकेनन् । पिछडावर्गमा गरिबी, बेरोजगारी र शिक्षाको व्यापक अभाव रहेका छन् । पिछडावर्गलाई राजनीतिक प्रतिनिधित्व एवम् नीति निर्माण तहसम्म पुऱ्याउन, आर्थिक सामाजिक र शैक्षिक रूपले माथि पुऱ्याउनका लागि शिक्षा र रोजगारीमा आरक्षण वा विशेष अवसर प्रदान गर्ने संवैधानिक एवम् कानुनी व्यवस्था गर्नुपर्दछ । पिछडावर्गको उत्थान, विकास र अधिकारका लागि कार्य गर्न अधिकार प्राप्त पिछडावर्ग आयोग (OBC Commission) गठन गरिनुपर्दछ ।

**(घ) दलित समुदायको सवाल**

दक्षिण एसियामा लगभग ३५ सय वर्षदेखि जातीय आधारमा विभेद (Caste Based Discrimination) भइरहेको छ । नेपालमा दलित समुदायको जनसङ्ख्या लगभग १४ प्रतिशत रहेको छ । दलित समुदायको मुख्य समस्या नै वर्ण व्यवस्था वा जातपातमा आधारित भेदभाव, छुवाछूत, गरिबी, अशिक्षा र बेरोजगारी रहेका छन् । दलित समुदाय नै सबैभन्दा बहिष्कृत एवम् सीमान्तकृत समुदाय हुन् । दलित मुक्तिको मुख्य आधार नै विभेदकारी जातीय प्रथा, पुँजीवाद र ब्राह्मणवादको अन्त्य गर्नु हो । ४३ प्रतिशत पहाडी दलित गरिब छन् र ७६ प्रतिशत दलित बालबालिकाहरू विद्यालय जान सकिरहेका छैनन् । ८० प्रतिशत बालमृत्युदरको हिस्सा दलितमै पर्दछ भने ८० प्रतिशत श्रमिकहरू दलित नै रहेका छन् । भूमिहीन, सुकुमवासीको ठूलो जनसङ्ख्या दलित नै रहेका छन् । यो समुदाय आर्थिक दृष्टिकोणले सर्वाधिक शोषित र गरिब छन् । राजनीतिक, शैक्षिक तथा सामाजिक-साँस्कृतिक रूपले बहिष्करणमा पारिएका छन् ।

वास्तवमा दलितप्रतिको विभेद मानवताविरूद्धका अपराध हुन् । राज्यद्वारा उपलब्ध गराइने साधन, स्रोत र शक्तिको न्यायोचित वितरण, समान र अर्थपूर्ण राजनीतिक प्रतिनिधित्व, सकारात्मक विभेद, आरक्षण, बहिष्करण र जातीय विभेदको अन्त्य गरी शिक्षा, स्वस्थ्य र रोजगारीमा समान अवसर प्रदान गरिनुपर्दछ । छुवाछूत र जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी संविधान, ऐन र कानुनमा केही व्यवस्था गरिएको भएपनि व्यवहारमा भने लागू हुन सकेको छैन । परम्परागत रूपले नेपाली समाजमा भाषा, जात, जाति, धर्म र संस्कृतिका आधारमा गरिने जातीय विभेदको तहत उनीहरूलाई सामाजिक र आर्थिक बहिष्करणमा पारिएका छन् । उनीहरूलाई सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरण गरी पेसा र जात, जाति वा अन्य कुनै पनि आधारमा गरिने सबै प्रकारका छुवाछूत, विभेद, शोषण र असमानतालाई पूर्णरूपले रूपले अन्त्य गरिनुपर्दछ ।

मधेशी दलितहरू अन्यको तुलनामा आर्थिक, शैक्षिक, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा निकै पछाडि परेका वा पारिएका छन् । मूलतः वर्ण व्यवस्थाका कारण यी समस्या उत्पन्न भएका हुन् । वर्ण व्यवस्था आफ्नो सामाजिक, आर्थिक एवं राजनीतिक रूपमा एउटा शासनतन्त्र वा राज्यसत्ता नै हो जसलाई ब्राह्मणवाद भन्न सकिन्छ । शिक्षा, सम्पत्ति र आफ्नो सुरक्षाबाट वञ्चित गरेकाले शूद्र वर्गलाई आफ्नो शारीरिक श्रमद्वारा उच्च वर्णको सेवा गरी बाँच्नु बाहेक अन्य कुनै विकल्प नै थिएन । शूद्र सेवक अथवा दास थिए, दास मात्र होइन अछुत अर्थात् भूमिहीन एवम् अस्पृश्य पनि थिए । जातिगत पेसा नै शूद्रको दरिद्रता, शोषण एवं अपमानका मूल कारण हुन् ।

**(ङ) थारू समुदायको सवाल**

तराई/मधेशमा बसोबास गर्ने थारू समुदाय यहाँका आदिवासी हुन् । १८औं शताब्दीमा गोर्खा राज्यको विस्तारदेखि नै थारू समुदायका अधिकांश मानिसहरू बँधुवा मजदुर अर्थात् कमैया (Bonded labour) दास वा भू-दास तथा अर्द्धदासको रूपमा रहिआएका छन् । सरकारले पश्चिम तराईमा जुलाई २००० मा कमैया प्रथा अन्त्य गरिएको घोषणा गरेपनि हालसम्म अवैध रूपमा कमैया, कमलरी, हलिया प्रथाः व्यवहारतः कायमै छ । मधेशमा थारू समुदाय सबैभन्दा बढी शोषित,

उत्पीडित, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदाय हुन् । पहाडबाट आएका सामन्तबर्गका मानिसहरूले थारूहरूलाई कमैया अर्थात् भू-दासको रूपमा प्रयोग गर्ने गर्दछन् । थारूहरू राज्यसत्ताबाट पनि शोषण, उत्पीडन, विभेद र बहिष्करणमा पारिँदै आएका छन् । थारूहरूको जातीय पहिचान सामाजिक न्याय र अधिकारका लागि स्वायत्त थरूहट राज्य अर्थात् छुट्टै प्रदेशको स्थापनाका साथै उनीहरूलाई शासन, प्रशासन, संवैधानिकलगायत राजनीतिक प्रतिनिधित्वमा जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराईनुपर्दछ । शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था अथवा आरक्षणको नीति लागू गरिनुपर्दछ ।

**(च) मुस्लिम समुदायको सवाल**

आर्थिक, सामाजिक -साँस्कृतिक दृष्टिकोणले हिन्दु र बौद्ध धर्मावलम्बी पछि मुस्लिम समुदाय मुलुकको तेस्रो ठूलो धार्मिक समुदाय हो, जसको गरिबी, अशिक्षा र बेरोजगारी उच्च तहमा रहेको छ । मानव विकास सूचकाङ्कमा ०.४२ प्रतिशत रहेको छ, जो पहाडको दलित भन्दा निकै तल रहेका छन् । मूलतः पहिचानको संकट, न्यून राजनीतिक र प्रशासनमा प्रतिनिधित्व, गरिबी, बेरोजगारी, असमानता तथा विभेद मुस्लिम समुदायका समस्याहरू रहेका छन् । अतः सीमान्तकृत र बहिष्करणमा पारिएका मुस्लिम समुदायहरूलाई छुट्टै पहिचानका साथ राज्यका सबै अङ्ग, निकाय र तहमा जनसङ्ख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व गराइनुपर्दछ । मुस्लिम पारिवारिक कानुन, मदरसा शिक्षाका साथै मदरसा बोर्डको स्थापना र प्रतिनिधित्व तथा सुरक्षा अधिकारसम्बन्धी सवालहरू मुस्लिम समुदायले उठाउँदै आएको न्यायोचित सवालहरू हुन् । राज्यले उनीहरूको यी र यस्ता समस्याहरूलाई हल गर्नुपर्दछ ।

**(छ) खस समुदायको सवाल**

नेपालको पश्चिमी पहाडी भू-भाग खसान क्षेत्रमा बसोबास गर्ने खसहरू आफूलाई आदिवासी, प्रकृतिपूजक तथा मष्टोपूजक मान्दछन्, जात र वर्ण व्यवस्था भने मान्दैनन् । संविधानमा खस-आर्यलाई सँगै राखिएकोमा र सो व्यवस्थताका कारणले उनीहरूको सही तथा न्यायपूर्ण ढंगले प्रतिनिधित्व हुन नसकिरहेकोमा असन्तुष्टि जनाएका छन् । उनीहरूको ठूलो जनसंख्या भए तापनि सो अनुपातमा राजनीतिक क्षेत्रमा, नीति निर्माण तहमा र राज्यको अङ्गहरूमा उनीहरूको प्रतिनिधित्व हुन सकेका छैनन् । भौगोलिक र आर्थिक दृष्टिकोणले पिछडिएका खस समुदायलाई आरक्षण व्यवस्थामार्फत् समावेशीकरण गरिनुपर्दछ । उनीहरूको मौलिक भाषा, संस्कृतिको संरक्षण र समबर्द्धन गर्दै राष्ट्रिय पहिचान, प्रतिनिधित्व र अधिकारलाई सम्बोधन गरिनुपर्दछ ।

**(ज) अल्पसंख्यक समुदायको सवाल**

अन्तर्राष्ट्रिय कानुनले अल्पसंख्यक समुदाय सम्बन्धमा भन्दछ, 'जातीय, धार्मिक वा भाषिक अल्पसंख्यकहरू रहेका राज्यहरूमा त्यस्ता अल्पसंख्यकमा पर्ने व्यक्तिहरूलाई तिनीहरूले समुदायका अरू सदस्यहरूसँग समुदायमा आफ्नो साँस्कृतिक अवलम्बन गर्न, आफ्नो धर्म मान्न र अभ्यास गर्न वा आफ्नो भाषाको प्रयोग र विकास गर्नबाट वञ्चित गरिने छैन ।' अल्पसंख्यकको अधिकार भन्नाले राष्ट्रिय/जातीय, साँस्कृतिक, धार्मिक र भाषिक, लैङ्गिक आदि अल्पसंख्यक समुदाय र व्यक्तिको अधिकार हो । नेपालमा विपन्न वर्गका अल्पसंख्यक र आदिवासीहरू अत्यन्त कमजोर र गरिबीको अवस्थामा रहेका छन् । उनीहरूको मानव अधिकार हनन हुनका साथै धर्म, भाषा, संस्कृति र पहिचानसमेत संकटमा परेका छन् । अल्पसंख्यक समुदायको अधिकारको प्रत्याभूति गराउन संवैधानिक अल्संख्यक आयोग (Minority Rights Commission) गठन गरिनुपर्दछ । राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकका आधारमा व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र, १९९२ (Declaration on the rights of person belonging to national or ethinic

religious and linguistic minorities, 1992) को आधारमा अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायको हक, अधिकरको प्रत्याभूति गराइनुपर्दछ ।

**(झ) लोपोन्मुख जाति/समुदायको सवाल**

राज्यबाट उत्पीडित, उपेक्षित र राज्यसत्ताको पहुँचबाट टाढा परेका र बहिष्करणमा पारिएका लोपोन्मुख जाति, समुदायको प्रतिनिधित्व, सहभागिता र यिनीहरूको सर्वाङ्गीण विकासलाई विशेष संरक्षण गर्नु राज्यको दायित्व हो । लोपोन्मुख अल्पसंख्यक जातिको सन्तती, संस्कृति र भाषाको संरक्षण र सम्वर्द्धनका लागि राज्यले कानुन बनाई विशेष व्यवस्था गर्नुका साथै आर्थिक र सामाजिक रूपले अतिविपन्न अलपसंख्यक र सीमान्तकृत समुदायको विकास र प्रतिनिधित्व गराउने व्यवस्था गरिनुपर्दछ । उनीहरूको शिक्षा, स्वास्थ्य, आवास, सुरक्षा र रोजगारीको व्यवस्था राज्यको तर्फबाट प्रत्याभूति गराइनुपर्दछ ।

## ८. अपाङ्गता/फरक क्षमता भएका व्यक्तिहरूको अधिकार

फरक क्षमता अर्थात् अपाङ्गता भएको व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगबाट सहभागिता हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ । अपाङ्गता भएका व्यक्तिहरूको लागि मानव अधिकार, शिक्षा, रोजगारी, साँस्कृतिक जीवन, सम्पत्तिको अधिकार, अनैच्छिक स्वास्थ्य परीक्षण जस्ता विषयलाई समेटेको छ । अपाङ्गता अथवा फरक क्षमता भएका व्यक्तिहरूलाई पूर्ण सामाजिक सुरक्षाको हक हुनुपर्दछ । उनीहरूको लागि समावेशीकरण तथा सामाजिक न्यायको प्रत्याभूतिका लागि प्रयास गरिनुपर्दछ ।

## ९. महिला अधिकार

नेपालमा पछिल्लो समयमा महिला अधिकारको क्षेत्रमा केही उपलब्धिहरू हासिल भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिकलगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा निकै पछाडि रहेका छन् । राज्यका सबै क्षेत्रमा महिलाको पहुँच र उपस्थिति न्यून रहेको छ । महिलाविरूद्धको हिंसा, असमान व्यवहार, सम्पत्तिको अधिकार उपभोग सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेका असमानता जस्ता कारणले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ । विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरू स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता आदि कारणले महिलाहरू पछिपरेका छन् । निजामति सेवामा महिलाको सहभागिता २७.५९ प्रतिशत, न्याय क्षेत्र-सर्वोच्चमा १२.५ प्रतिशत, उच्चमा १४.८७ प्रतिशत र जिल्लामा ६.६ मात्र रहेका छन् । सुरक्षा निकायमा - नेपाली सेनामा ७.१६ प्रतिशत, नेपाल प्रहरीमा ११.१६ प्रतिशत र सशस्त्र प्रहरीमा ९.०३ प्रतिशत रहेका छन ।

यसै गरी ७५-८० प्रतिशत महिला कृषि क्षेत्रमा काम गर्दछन् । महिलाहरूमा मानसिक र शारीरिक रूपले धेरै समस्याहरू रहेका छन् । महिलाको अधिकार नै मानव अधिकार हुन् । यसको प्रत्याभूति एवं सम्मान गरिनुपर्दछ । लैङ्गिक समानताका साथै सामाजिक संरचना परिवर्तन गरी महिला र पुरूषलाई बराबरको हिस्सेदारी बनाइनुपर्दछ । महिलाविरूद्धको विभेदलाई अन्त्य गर्न संवैधानिक र कानुनी व्यवस्था गरिनुपर्दछ । महिलाहरूलाई निर्णय लिने क्षमताको विकास, स्वतन्त्रता, शिक्षा, रोजगारी र मिडियामा पहुँच, बालबिवाह र घरेलु हिंसाको अन्त्य, लैङ्गिक समानताको प्राप्तिका लागि महिलालाई सशक्तिकरण गर्न आवश्यक छ । महिलाहरूलाई आर्थिक र राजनीतिक अधिकारको प्रत्याभूति दिलाउन-राजनीतिक अधिकार, आर्थिक अधिकार, आफ्नो शरीरमा आफ्नो अधिकार र न्यायमा पहुँच हुनुपर्दछ । समान कामका लागि समान ज्याला पाउनु महिलाहरूको मौलिक अधिकार हो ।

नेपाली समाज पितृसत्तात्मक समाज भएकोले आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा महिलाहरूको सहभागिता न्यून रहेका छन् । लैंङ्गिक समानता, न्याय र सुरक्षा अझसम्म प्राप्त गर्न सकेका छैनन् । युगौंदेखि कायम रहेको पितृसत्तात्मक मूल्य र मान्यता, प्रवृत्ति, मानसिक अवधारणा, साँस्कृतिक र व्यवहारमा व्यक्तिगत तथा संस्थागत रूपमै परिवर्तन नआएसम्म महिलाको मुक्ति निकै कठिन छ । स्वतन्त्रता, समानता र निष्पक्षता महिला अधिकारका मूलमन्त्र हुन् । महिलाविरूद्ध हुने मानसिक हिंसा, शारीरिक हिंसा, सामाजिक हिंसा, घरेलु हिंसा आदिका मुख्य कारण नै लैंङ्गिक विभेद हो । यसका अतिरिक्त महिला सशक्तिकरण, सामाजिक न्याय, समानुपातिक समावेशीता, गरिबी र बेरोजगारीको अन्त्य, शिक्षा, पुरूष र महिलाबीचको असन्तुलित शक्ति सम्बन्धको अन्त्य, वंश र अंशमा समानता आदि महिला अधिकारसम्बन्धी महत्त्वपूर्ण मुद्दाहरू हुन् । समानताका सिद्धान्तलाई आत्मसात् गर्दै लिङ्ग, लैंङ्गिक झुकाव, गर्भवती अवस्था, वैवाहिक स्थिति, शारीरिक अवस्था आदिका आधारमा गरिने सबै खालका भेदभावलाई अन्त्य गरिनुका साथै ज्याला, पैतृक सम्पत्ति जस्ता अधिकारहरूमा महिला र पुरूषबीच समानताको सुनिश्चितता गरिनुपर्दछ । सम्पत्ति र शक्तिमा महिलाको समान अधिकार हुनुपर्दछ । हरेक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको अधिकारलाई सुनिश्चित गर्दै सकारात्मक विभेदको अवधारणालाई मान्यता दिइनुपर्दछ । समानुपातिक समावेशीकरणको सिद्धान्तलाई अङ्गिकार गरी महिलाको सहभागिता र प्रतिनिधित्वको लागि ठोस प्रावधान राखिनुपर्दछ । राज्यका सम्पूर्ण निकाय र आर्थिक स्रोत - साधनहरूमा महिलाको लागि पुरूष सरह समान पहुँचको अवस्था सिर्जना गरी महिला सहभागिताको क्षेत्र फराकिलो पार्नु नितान्त आवश्यक छ । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने महासन्धि, १९६५ र ४-१५ सेप्टेम्बर १९९५ मा चीनको बेइजिङमा भएको चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनले अनुमोदन गरेका घोषणा एवं प्रतिबद्धताहरूलाई आत्मसात् गरी व्यवहारमा लागू गरिनुपर्दछ ।

**१०. विपन्न वर्ग, बालबालिका, युवा, ज्येष्ठ नागरिक, किसान र मजदुरको अधिकार**

विपन्न वर्ग, बालबालिका, युवा, ज्येष्ठ नागरिक, किसान र मजदुर/श्रमजीवि वर्ग, खाद्य सुरक्षा (Food Security) लगायतका अधिकारहरूलाई संवैधानिक, कानुनी र व्यावहारिक रूपमा सुनिश्चित गरिनुपर्दछ । त्यसैगरी शिक्षा र स्वास्थ्यमा सबैको पहुँच र अधिकार हुनुपर्दछ । शिक्षा, स्वास्थ्य, रोजगारीको अधिकार सबैका लागि प्रत्याभूति गराउने दायित्व राज्यले नै लिनुपर्दछ ।

**११. वैदेशिक रोजगारसम्बन्धी सवाल**

विगत ३० वर्षदेखि कांग्रेस, कम्युनिस्टहरूका सरकारले लिएको निजीकरण, उदारीकरण र भूमण्डलीकरणको गलत नीतिका कारण देशमा उद्योगधन्दा, कलकारखाना धराशयी भई बन्द भएकाले लाखौं मानिसहरू रोजगारी पाउनबाट वञ्चित भएका छन् । यी राजनीतिक दलका गलत नीति, असक्षमता र असफलता कारण देशभित्र रोजगारीको सिर्जना हुन सकेन, जसले गर्दा लाखौं नेपालीहरू विदेशी बजारमा श्रम बेच्न बाध्य भएका छन् । वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकहरूको आर्थिक, सामाजिक, सुरक्षा एवम् हकअधिकारको सुनिश्चितता राज्यले गर्नुपर्दछ । वैदेशिक रोजगारमा जानु अगावै उनीहरूलाई शिक्षा, प्रविधि र सीपसम्बन्धी आवश्यक ज्ञान र तालिम सरकारले उपलब्ध गराउनुपर्दछ । विदेशमा रहेका नेपालीहरूको मताधिकारको सुनिश्चितता गरी उनीहरूले हासिल गरेका ज्ञान, सीप र लगानीको सदुपयोग गरी राष्ट्र निर्माणमा जोड्नुपर्दछ ।

**१२. आधुनिक दास प्रथाको अन्त्य**

मानव तस्करी तथा वेचविखन (Human Trafficking) एउटा संगठित अपराध हो । वेश्यावृत्ति एवम् देहव्यापार, बन्धित मजदुर, जबरन मजदुरी (Forced Labour), बेठ बेगारी, कृषि मजदुर,

कमैया, हलिया, गोठाले हरवाह चरवाह, बालमजदुर आदि विपन्नता र गरिबीका कारणले आधुनिक दास प्रथाको रूपमा रहेका छन् । यो एक खालको अपराध पनि हो । मानव सभ्याताको इतिहासमा यस्ता प्रथालाई अमानवीय कार्यका रूपमा लिएका छन् । अब्राह्म लिङ्कनले भनेका थिए, 'If slavery is not wrong, nothing is wrong' अर्थात् यदि दास प्रथा गलत होइन भने, बाँकी केही पनि गलत हुन सक्दैन । सन् २०१६ को तथ्याङ्क अनुसार विश्वमा ३१.२ मिलियन दासहरू रहेका छन्, जसमा बँधुवा (Debt Bondage Labour) मजदुर १९.१ मिलियन, मानव तस्करी ४.८ मिलियन र अन्य जबरन मजदुर ७.३ मिलियन रहेका छन् । दक्षिण पूर्वी एसिया र प्यासेफिक तथा अफ्रिका, दक्षिण एसियामा यसको संख्या सबैभन्दा ठूलो रहेको छ । विशेष गरी नेपाल, भारतलगायतका मुलुकहरूमा व्याप्त रहेका छन । मूलत: गरिबी र शोषणका कारण आधुनिक दास प्रथा कायम नै रहेका छन् । नेपालमा ९० प्रतिशत भन्दा बढी अल्पसंख्यक समुदाय अथवा दलित समुदाय दास वा अर्द्ध-दासका रूपमा रहेका छन् । आधुनिक दास प्रथालाई पूर्ण रूपमा उन्मूलन गरी सबैका लागि शिक्षा, रोजगार र आवासको व्यवस्था राज्यले नै गर्नुपर्दछ ।

**१३. जलवायु परिवर्तन र त्यसको असरहरू**

जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रियाभित्र पर्ने गतिविधि हो । जलवायु परिवर्तन भई तापमान बृद्धिका कारण मानव जाति सामू हालसम्मकै ठूलो खतरा उत्पन्न भएको छ । प्राकृतिक विपद्ले जतातत्तै विनाश निम्त्याइरहेको छ । सन् २०१७ मा कार्वनडाईअक्साइडको मात्रा ४०५ PPM पुग्यो र यो मात्रा पृथ्वीको वातावरणमा विगत ३०-५० लाख वर्षमा कहिल्यै पुगेको थिएन । यो औद्योगिक क्रान्ति हुनु अगाडिको समयभन्दा १४६ प्रतिशतले बढेको छ । कार्बनडाइअक्साईड, मिथेन, नाइट्रस अक्साइडलाई जलवायु परिवर्तनका लागि मुख्य जिम्मेवार ग्यास मानिन्छ । हरितगृह ग्यास (Green House Gas) र ओजोन तहको विनाश नै क्लोरोफोलोरो कार्वनजस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन दिनप्रतिदिन वायुमण्डलमा बढ्दै गइरहेको छ । हरितगृह ग्यासका प्रमुख स्रोतहरूमा बन जंगलको विनाश, कोइला, खनिजजन्य इन्धनको अत्याधिक प्रयोग, औद्योगिकरण आदि जस्ता क्रियाकलापहरू पर्दछन । जलवायु परिवर्तनको कारण वातावरणमा देखिएको तापमान वृद्धिले गर्दा विनाशकारी डढेलो, उष्णवायु, आँधीवेरी, अतिबृष्टी र अनाबृष्टि, बाढीपहिरो, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपद्का जोखिमसमेत बढिरहेको छ । सामुद्रिक सतह बृद्धि जस्ता समस्या विकराल रूपमा देखिएका छन् । जलवायु परिवर्तनका कारण मानव सभ्यता र पृथ्वीको प्राकृतिक अवस्था नै समाप्त हुने चिन्ता बढिरहेको छ । पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियस भन्दा बढ्न नदिन सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियस भन्दा बढी हुने अनुमान गरिएको छ । हिमाल, पहाड र मधेशमा बसोबास गर्ने गरिब, सीमान्तकृत आदिवासी जनजाति, दलित, बालबालिका, अशक्त, ज्येष्ठ नागरिक र साना किसानहरू बढी प्रभावित बनेका छन् । भविष्यमा हिमालमा हिउँको भण्डारै घट्ने र हिमपातको संख्या बढ्ने देखिन्छ । पृथक भौगोलिक अवस्था र विभिन्न उचाईमा अवस्थित परिस्थितिकीय क्षेत्रहरूका साथै प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जन, गरिबी, सीमान्तकृत समुदाय अनुकूलन तथा उत्थानशील क्षमता आदिका कारण नेपाल सबैभन्दा सङकटापन र जोखिमयुक्त मुलुकको सूचीमा रहेको छ । यसका लागि वातावरण र जलवायु परिवर्तनलाई सन्तुलित गर्न विश्वभरी नै अभियान चलाउने र यथाशीघ्र ठोस कदमहरू चालिनुपर्दछ ।

**१४. चुरे संरक्षणको आवश्यकता र अपरिहार्यता/चुरे विनाश तथा मधेशको मरूभूमिकरण**

करिब ४ करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे श्रृङ्खला हो । हिमालय पर्वत श्रृङ्खलाको सबैभन्दा दक्षिणमा रहेको

माथिबाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कान्छो, सबभन्दा कमलो, फुस्रो र सबभन्दा कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र चुरे हो । चुरेले देशको करिब १३ प्रतिशत क्षेत्र ओगटेको छ । पूर्वदेखि पश्चिमसम्म ३६ वटा जिल्ला र ८०० कि.मी. लम्बाई तथा उत्तर दक्षिण १० देखि र बढीमा ५० कि.मी. चौडाइमा फैलिएको छ । यो क्षेत्रमा राम्ररी नखाँदिएका खुकुलो पत्रे चट्टान भएको र महाभारत पर्वत श्रृङ्खलाबाट आएका नदीहरू यही चुरे क्षेत्र भई तराई/मधेशतर्फ बग्ने हुँदा प्राकृतिक रूपले यो क्षेत्र अत्यन्त संवेदनशील रहेको छ । जनजीविका, जल भण्डार र जैविक विविधताका कारणले चुरेको अत्याधिक महत्त्व छ । तराई/मधेश अन्नको भण्डार हो । तराई/मधेशमा ५० प्रतिशत मानिसहरूको बसोबास छ । चुरेका कारण प्राप्त हुने प्राकृतिक स्रोतबाट तराई/मधेश रह्न गएको छ । प्राकृतिक भण्डारको दृष्टिकोणले हिमालमा जम्ने हिउँ यहाँको प्रमुख जल भण्डार हो भने चुरे क्षेत्र तराई/मधेशका निम्ति भूमिगत जल भण्डारको रूपमा काम गरेको छ । दुईवटा राष्ट्रिय निकुञ्ज र सातवटा संरक्षित क्षेत्र यही चुरे क्षेत्रभित्र पर्दछ । यस क्षेत्रमा प्रशस्त जैविक विविधता पाइन्छ र जीवजन्तु विविधताको संरक्षणका कारण पनि यो चुरे क्षेत्र महत्त्वपूर्ण रहेको छ । वातावरण संरक्षणदेखि लिएर नदी प्रणालीको व्यवस्थापन, कृषि प्रणालीदेखि लिएर जैविक विविधताको संरक्षण गर्न योजनाबद्ध रूपमा चुरे क्षेत्रको बहुआयामिक र विकासको रणनीति बनाउन आवश्यक देखिन्छ । वन, निकुञ्ज तथा संरक्षित क्षेत्रमा अतिक्रमण गरी सुकुमबासी बस्ती बसाउने, चुरे क्षेत्रभित्रबाट अवैध रूपमा ढुङ्गा, गिट्टी, बालुवा निकासी गराउने, खोला नदीमा जथाभावी उत्खनन् गर्ने र चुरे क्षेत्र अव्यवस्थापनका कारण बाढीपहिरो र भूक्षयले गर्दा नदी किनार कटान गर्ने, नदी उकास भएर ढुङ्गा बालुवाबाट खेतीयोग्य जमिन पुरिनुका साथै पानीको स्रोतहरू सुक्ने, पोखरी, ताल, खोला सुक्ने, सिँचाइको अभावमा कृषि उत्पादनमा ह्रास आउने, जल संकट आउने तथा तापमान बढ्नुले मानव जीवनमा हाहाकार मच्चिनेछ । यसै गरी जलचर, थलचर तथा पशु प्राणी जगतमा महासंकट आउनेछ । तराई/ मधेश मरूभूमिमा परिणत हुनेछ । चुरे संरक्षणका लागि यस क्षेत्रलाई संरक्षित/आरक्षित क्षेत्र घोषणा गरी पूर्णरूपले संरक्षण गर्ने कार्य गर्नुपर्दछ ।

## १५. पार्टी एकता, संयुक्त मोर्चा र कार्यगत एकता

सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, सुशासन, पहिचान, धर्मनिरपेक्षता, सामाजिक न्यायका पक्षधर र समाजवादी शक्तिहरू, सिद्धान्त, विचार र नीति मिल्ने दलहरूसँग एकीकरण अथवा पार्टी एकता गर्नुपर्दछ । राजनीतिक मुद्दा मिल्ने तर सिद्धान्त, विचार नमिल्ने दलहरूसँगका सङ्घर्षको प्रकृति हेरी संयुक्त मोर्चा वा कार्यगत एकतामा आबद्ध गर्नुपर्दछ । हामीले सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र विरोधी वा परिवर्तनका बाधक शक्तिहरूलाई एकल्याउन र त्यसको विरूद्ध सबै राजनीतिक शक्तिहरूलाई मोर्चामा आबद्ध गर्न सक्नुपर्दछ । मधेशी, आदिवासी जनजातिका मुद्दा उठाउने दलहरूसँग छुट्टै प्रादेशिक/राष्ट्रिय मोर्चा बनाउनुपर्दछ । मधेशमा छरिएर रहेका पहिचान, समावेशीता, सङ्घीयता, सामाजिक न्यायका पक्षधर दलहरूबीच सहकार्य अथवा कार्यगत एकता गरी अगाडि बढ्नुपर्दछ ।

## १६. सरकारमा पार्टीको सहभागिता

सङ्घ र प्रदेशसभाको दोस्रो निर्वाचनपश्चात् गठित गठबन्धन सरकार सङ्घीयता, लोकतन्त्र, सुशासन, समृद्धि र सामाजिक न्यायका पक्षधर राजनीतिक शक्तिहरूको गठबन्धन बन्यो । गठबन्धनको मुख्य आधार गठबन्धनको साझा (Common Minimum Program) हो जसले गठबन्धन सरकार सञ्चालनमा मार्गदर्शन गर्दछ । उक्त साझा न्यूनतम कार्यक्रममा संविधानको रक्षा र आवश्यकताअनुसार परिमार्जन एवम् विकास गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने, देशको अर्थतन्त्र सुदृढ गर्न नीतिगत एवं संरचनागत सुधार गर्ने, उत्पादनमुखी

अर्थतन्त्र निर्माण र आपूर्ति व्यवस्थामा सुधार गर्ने, राष्ट्रिय उत्पादनमा बृद्धि र रोजगारी सिर्जना गर्ने, गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति दिने, विस्तृत् शान्ति सम्झौताका बाँकी काम पूरा गर्ने र विभिन्न पक्षहरूसँग भएका सहमतिको कार्यान्वयन गर्ने, समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंङ्गिक, भाषिक, साँस्कृतिक आदि सबै प्रकारका विभेदहरूको अन्त्य गर्न निरन्तर प्रयास गर्ने, जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गरी पर्यावरणीय सन्तुलन कायम गर्न पहल गर्ने, राष्ट्रिय हितको रक्षा र स्वतन्त्र एवम् सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने आदि उद्देश्यको रूपमा उल्लेख गरेका छन् । उपरोक्त साझा न्यूनतम कार्यक्रमका आधारमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, नेपालसहितको गठबन्धनको सरकार गठन गरिए ।

जनता समाजवादी पार्टी, नेपालको महत्त्वपूर्ण भूमिका भएका कारण सरकार गठनको लगतै सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा गरेको प्रतिबद्धता तथा भ्रष्टाचारविरूद्ध कारवाहीको प्रारम्भले सरकारप्रति जनताको आशा र भरोसा बढेको थियो । खासगरी भूटानी शरणार्थी, ललिता निवास, सुन तस्करी जस्ता घटनामा सरकारले कार्य अगाडि बढायो । सरकारले सबै किसमका श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने, मिटर ब्याजी, लघु वित्त र सहकारी पीडितहरूलाई न्याय दिने, शिक्षा विधेयक, सुकुमबासी, भूमिहीन, दलित, अव्यवस्थित बसोबासको समस्या समाधान गर्न जग्गा धनी प्रमाण-पत्र दिने तयारी आदि सकारात्मक कदम अगाडि बढाएको भए पनि समस्याको समाधान गर्न असफल नै रहे । हाम्रो पार्टीले सरकार र संसद्मा गरेको सङ्घर्षपश्चात् नेपाली नागरिकता ऐन जारी हुनु आदि सरकारले गरेका महत्त्वपूर्ण कार्यहरू रहेका छन् ।

हाम्रो पार्टीले गठबन्धनमार्फत् सरकारलाई अझ बढी प्रभावकारी बनाउन सङ्घीयता कार्यान्वयन, संविधान संशोधन, निर्वाचन क्षेत्र निर्धारण, विकास र सुशासनलगायतका विषयहरू समेटेर ५३ बूँदे सुझाव पनि दिएको थियो, तर सरकारले उक्त महत्त्वपूर्ण सुझावहरूलाई कार्यान्वयन गरेन । सामान्यतः सरकारले आफ्नो एकवर्षे कार्यकाल सफलताका साथ पार गरे पनि गठबन्धनको साझा न्यूनतम कार्यक्रममा अगाडि सारेका कामहरूमा तदारूक्ता देखाउन सकेको छैन । गठबन्धन सरकारले संविधानको रक्षा र आवश्यकताअनुसार परिमार्जन गर्न सकेन । देशको अर्थव्यवस्था खस्किएर गएको छ । देशभित्र रोजगारी सिर्जना हुन नसकेर, वैदेशिक रोजगारीमा गएका युवाहरू इजरायल र हमास तथा रूस-युक्रेन युद्धमा ज्यान गुमाइरहेका छन् ।

सरकारले सङ्घीयताको सुदृढीकरण, विकास र सुशासन दिन सकिरहेका छैनन् । जनतामा व्यापक असन्तुष्टि र आक्रोश बढिरहेको अवस्थामा सङ्घीयता विरोधी, लोकतन्त्र विरोधी, गणतन्त्र विरोधी प्रतिगमनकारी शक्तिहरू क्रियाशील हुन थालेका छन् ।

यही अवस्थामा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) बीच असमझदारी उत्पन्न भई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली कांग्रेसलाई सरकारबाट जबरजस्ती हटाएर नेपाल कम्युनिस्ट पार्टी (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीसँग आपसी तालमेल र समझदारी गरी सरकारमा सामेल भएका छन् । सरकारको न्यूनतम साझा नीति तथा कार्यक्रम पुनः घोषणा गरिएको छ । पहिला र अहिलेकोमा खासै अन्तर देखिँदैन । समानुपातिक समावेशीतालाई राजनीतिक नियुक्ति र सरकारको संरचनामा कायम गर्न वा व्यवहारमा लागू गर्न सकेको देखिँदैन । मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम आदि समुदायहरूको समावेशीकरणलाई वेवास्ता गरिएको छ । समावेशीकरण, समानता र सामाजिक न्यायको हकको प्रत्याभूति हुनसकेको छैन । सङ्घीय

सरकारमा फेरबदल हुने बितिकै प्रदेश सरकारहरूमा उथलपुथल एवं सरकार परिवर्तन हुने कार्यले गर्दा राज्य झन् अस्थिर भएको छ ।

यसबाट जनतामा अझ बढी नकारात्मक सन्देश प्रवाह भएका छन् । प्रदेश सरकार र स्थानीय तहमा कर्मचारीको अभाव र कम उपस्थितिका कारण विकास निर्माणका कार्यहरू प्रभावित भएका छन् । प्रदेशमा प्रहरी समायोजन अझसम्म हुन सकेको छैन । प्रदेश सरकारको आफ्नै प्रहरी, प्रशासन र कर्मचारीतन्त्र नभईकन शान्ति स्थिरता र विकासको गति अगाडि बढाउन निकै अप्ठ्यारो छ । स्थानीय तहलाई प्रदेशअन्तर्गत नराखी सोझै सङ्घको मातहत हुँदा स्थिति झन् बढी जटिल र अन्योलग्रस्त हुन पुगेको छ । यस्ता समस्याहरूलाई तदारूकताका साथ हल गरिनुपर्दछ । संविधान संशोधन र आवश्यक कानुन निर्माण गरी प्रदेश सरकारहरूलाई सक्षम र प्रभावकारी बनाउने कार्य यथाशीघ्र गरिनुपर्दछ । सरकारमा हाम्रो पार्टीको पनि सहभागिता रहेको थियो । तर, यो सहभागिता सामान्यतय संसदीय समीकरण वा सत्ता साझेदारीको विषय मात्र नभई सरकारका न्यूनतम साझा कार्यक्रम र समझदारीका आधारमा सामेल भएका थिए । मधेश प्रदेशमा हाम्रो पार्टीको नेतृत्वमा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र नेकपा (एमाले) सहितको सरकार सञ्चालन भइरहेको थियो । लुम्बिनी प्रदेश सरकारमा हाम्रो सहभागिता रहेको थियो । सङ्घीय सरकारमा पटक-पटक भइरहेको फेरबदलको हुँदा प्रदेश सरकारहरू पनि अस्थिर हुन पुगेका छन् । संवैधानिक व्यवस्थाअनुरूप कानुनको अभाव, कर्मचारीतन्त्रको अभाव र असहयोगका कारण प्रदेश सरकार सञ्चालनमा निकै समस्याहरू रहेका छन् । तर पनि प्रदेश सरकारका कार्यहरूले जनता उत्साहित र लाभान्वित नै भएका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संस्थागत गर्न प्रतिगमनलाई परास्त गर्न, सुशासन र विकास कार्यलाई अगाडि बढाउन, हाम्रो पार्टी सडकका साथै संसद् र सरकारमा सहभागी भई सङ्घर्षलाई निरन्तर जारी राख्नुपर्दछ । सडक, संसद् र सरकार तीनवटै हाम्रा लागि सङ्घर्षकै मोर्चा हुन्, यसलाई समय सापेक्ष जनहितमा उपयोग गरिनुपर्दछ । पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा रहेको सरकारले आफ्नो राजकीय स्रोत, साधन र शक्तिलाई दुरूपयोग गरी हाम्रो पार्टीलाई विभाजन गराएपछि जनता समाजवादी पार्टी, नेपाल सरकराबाट बाहिरिएपश्चात् जिम्मेवार प्रतिपक्षको भूमिकामा रहेको छ ।

## १७. राष्ट्रिय पहिचानको लागि सङ्घर्ष

प्रदेशसभाले २०७९ फागुन १७ गते नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) समेतको सहमतिमा १ नं प्रदेशलाई कोशी प्रदेश नामाकरण गर्ने निर्णय गरेपछि बिराटनगरमा त्यसको विरूद्ध आन्दोलन सुरू भयो । यस आन्दोलनको प्रभावले गर्दा नेकपा (माओवादी केन्द्र) ले कोशी प्रदेश नामाकरणमा कमजोरी भएको भन्दै आत्मलोचना गरेर तत्कालीन मुख्यमन्त्री हिक्मत कार्कीलाई दिएको समर्थन फिर्ता लिए । जसको कारण मुख्यमन्त्रीले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न असफल भए । त्यसपछि त्यहाँ ५ पटक सरकार परिवर्तन भइसकेको छ । तर, हालसम्म त्यहाँ भइरहेको पहिचानको आन्दोलानको माग र मुद्दाको सम्बोधन भएको छैन । कोशी प्रदेश नामाकरणको बिरूद्ध भइरहेको आन्दोलन चर्कंदै गएपछि सरकारले हस्तक्षेप गर्‍यो । चैत्र ५, २०७९ मा भएको प्रदर्शनमाथि दमन हुँदा पद्म लिम्बुलाजेहाङले शहादत प्राप्त गरे । प्रदेशको नामाकरणमा प्रदेशका जनसमुदायहरूको अपनत्व रहनुपर्छ । हाम्रो पार्टी पहिचान झल्कने नामाकरणको पक्षमा रहेको छ । त्यसैले त्यहाँ भइरहेको पहिचानको आन्दोलनलाई हाम्रो पार्टीले ऐक्यबद्धताका साथ सहयोग मात्र होइन नेतृत्वदायी भूमिका पनि खेल्नुपर्छ ।

## १८. जनसङ्घर्षको तयारी

अहिले हाम्रो पार्टी पहिचान, सङ्घीयता, सुशासन, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय र जनअधिकारका लागि संसदीय र गैर-संसदीय रूपमा सङ्घर्ष गरिरहेको छ । कहिले सड्क संघर्ष,

कहिले संसद् र सरकारसमेतमा रहेर सङ्घर्षशील क्रान्तिकारी पार्टीको रूपमा रूपान्तरित गर्नुपर्दछ । सङ्घर्ष गर्न विकसित आन्तरिक बाह्य परिस्थितिको विश्लेषण गरी बस्तुगत परिस्थिति र राजनीतिक शक्ति सन्तुलनमा परिवर्तन हुने वित्तिकै सङ्घर्षका स्वरूप र रणनीतिलाई बदल्न सक्नुपर्दछ । जनसङ्घर्षका सबै रूपहरू जनविद्रोह, संसदीय वा गैर-संसदीय अर्थात् संवैधानिक वा गैर-संवैधानिक सङ्घर्षहरू समयसापेक्ष रूपमा गर्न तयार रहनुपर्दछ । राष्ट्रिय/जातीय, वर्गीय, लैङ्गिकताका साथै आर्थिक, सामाजिक-साँस्कृतिक मुक्ति आन्दोलनहरूको परिचालन र नेतृत्व लिन सक्ने क्षमताको विकास गर्नुपर्दछ । जनताले गरेको लामो सङ्घर्ष, त्याग र बलिदानद्वारा स्थापित सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता आदिका विरूद्ध प्रतिगामी तथा यथास्थितिवादी लोकतन्त्र विरोधी शक्तिहरू प्रतिक्रान्तिका लागि षड्यन्त्रमूलक रूपमा प्रयासरत रहेका छन् । यस्ता शक्तिहरूबाट मुलुकलाई जोगाउन हामीले एक्लै वा लोकतान्त्रिक शक्तिहरू, प्रगतिशील शक्तिहरू, पहिचानवादी शक्तिहरू र क्रान्तिकारी परिवर्तनकारी शक्तिहरूसँग सहकार्य वा एकता गरेर सङ्घर्षको आँधीबेरी सिर्जना गर्नुपर्दछ ।

## १९. हाम्रो आगामी कार्यभार

सन् १९५१ को राजनीतिक परिवर्तनदेखि नै नेपाली समाज निरन्तर परिवर्तन र क्रान्तिको प्रक्रियामा छ । तर, त्यसको बाबजूद पनि यहाँ आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्थामा आमूल परिवर्तन अर्थात् रूपान्तरण हुनसकेको छैन । जबकि त्यही समयमा स्वाधीनता र स्वतन्त्रता प्राप्त गरेका हाम्रा छिमेकी मुलुकहरू - चीन र भारत शक्तिशाली देशको रूपमा स्थापित भइसकेका छन् । हामीभन्दा धेरै पछाडि रहेका मुलुकहरू विकसित र समृद्ध भएका छन् । तर, नेपाल अहिलेसम्म पनि पिछडिएको, विपन्न अथवा कम विकसित अवस्थामा नै रहिरहेको छ । अझै नेपालमा नश्लवाद, जातिवाद, लैंगिक असमानता र विभेद कायमै रहनु दुःखद् कुरा हो । त्यसकारण, यहाँ क्रान्ति तथा प्रतिक्रान्तिको क्रम रोकिएको छैन । राजनीतिक क्रान्ति, सामाजिक-आर्थिक क्रान्ति जारी नै छ । देश आज प्रतिगमन तथा यथास्थितिविरूद्ध सङ्घर्षको अवस्थामा रहेको छ । अहिलेको हाम्रो मुख्य कार्यभार भनेको भोकमरी, गरिबी, बेरोजगारी, जातीय विभेद र असमानताको विरूद्ध सङ्घर्ष गर्नु हो । सङ्घीयता, सुशासन, विकास, सामाजिक न्याय र समाजवादको लक्ष्य प्राप्तिको यात्रातर्फ लाग्नुपर्दछ । लैङ्गिक असमानता, जात, जाति, वर्ग, वर्ण विभेद र शोषणलाई अन्त्य गरी समानुपातिक समावेशीकरण र लैङ्गिक समानताका लागि सङ्घर्ष गर्नुपर्दछ । राष्ट्रिय पहिचानको मान्यता, प्रादेशिक स्वायत्तता र स्वशासनयुक्त सङ्घीय लोकतान्त्रिक प्रणाली जस्ता मूलभूत सवाललाई समाधान गराउन र प्राप्त अधिकारको रक्षा तथा बाँकी अधिकारहरू प्राप्तिका लागि परिस्थितिअनुसार संसदीय, संवैधानिक तथा गैर-संसदीय सङ्घर्षहरूको लागि आफ्नो महत्त्वपूर्ण शक्ति परिचालन गर्नुपर्दछ । किनभने इतिहास सङ्घर्षकै माध्यमबाट अगाडि बढ्छ र परिवर्तन पनि क्रान्तिद्वारा नै ल्याउन सकिन्छ ।

वर्तमान परिस्थितिमा राजनीतिक एवम् वैचारिक काम भनेको पार्टीले अगाडि सारेका राष्ट्रिय सवालहरू, पार्टीको सिद्धान्त, नीति तथा कार्यक्रम, यसको कार्यदिशा, रणनीति, कार्यनीति, पार्टीको लक्ष्य र उद्देश्यहरू, सामाजिक-आर्थिक रूपान्तरणका सवाल, संविधान संशोधनका सवाल, राष्ट्रिय पहिचान र सङ्घीयतासम्बन्धी पार्टी निर्माणको दिशा, संगठनात्मक सिद्धान्त, पार्टीका नेता, कार्यकर्ता तथा सदस्यहरूलाई नियमित प्रशिक्षण सञ्चालन गरी वैचारिक राजनीतिक र सैद्धान्तिक स्तरलाई उन्नत गर्ने, अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने, कार्यमूल्याङ्कन प्रणालीको स्थापना, प्रचार प्रसार एवम् सञ्चारसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने रहेको छ । पार्टी संगठनलाई सुदृढ र सदस्यहरूलाई अनुशासित बनाउने तथा पार्टीको वैचारिक राजनीतिक कामको सारतत्व भनेको सशक्त पार्टीको निर्माण गर्नु हो । हामीले नेपाली जनक्रान्तिको नेतृत्व गर्न सक्षम र सफल गर्ने

राजनीतिक शक्तिको विकास गर्न सक्नुपर्दछ । यसका लागि संगठनात्मक कार्यको सँग -सँगै जनताका बीचमा चेतनामूलक, प्रचारात्मक कार्यहरूलाई व्यापक रूपमा लैजानुपर्दछ । आगामी दिनमा हाम्रो पार्टीलाई बलियो र सशक्त समाजवादी लोकतान्त्रिक शक्ति (Socialist Democratic Force) को रूपमा निर्माण गर्नुपर्दछ । नेपाली समाजको राजनीतिक, सामाजिक तथा आर्थिक रूपान्तरण गर्नका लागि मुख्यतः पाँच स्तम्भतर्फ केन्द्रित गर्नुपर्छ - १. राज्य, २. अर्थ व्यवस्था/आर्थिक प्रणाली ३. संगठनात्मक कार्य ४. सैद्धान्तिक एवं वैचारिक सङ्घर्ष ५. अन्तर्राष्ट्रिय कार्य । यसका अतिरिक्त जातीय, लैंङ्गिक, वर्ग, वर्ण र भौगोलिक क्षेत्र आदिका आधारमा शताब्दियौँदेखि कायम रहँदै आएको शोषण, अन्याय, असमानता र विभेदलाई अन्त्य गर्ने प्रयास गर्दै स्वतन्त्रता, समानता, सामाजिक न्याय र एकताका लागि गरिने सङ्घर्षलाई निरन्तर जारी नै राखिरहनुपर्दछ । सूत्रबद्ध रूपमा व्यक्त गर्दा यतिबेला नेपाली समाजमा मुख्य तीनवटा अन्तरविरोधहरू प्रकट भएका छन् । पहिलो, श्रमजीवी वर्ग र दलाल, आसेपासे तथा पुँजीवाद बीचको अन्तरविरोध । दोस्रो, उत्पीडित राष्ट्रियताहरू र एकल जातीय अहंकारवाद एवम् नश्लवादबीचको अन्तरविरोध । तेस्रो, दुई ठूला छिमेकी मुलुकहरूको बीचमा रहेको विशेषतः भू-राजनीतिक अवस्थिति र वित्तीय पूँजीवाद, क्षेत्रीय तथा वैश्विक शक्तिहरूबाट भएको नियन्त्रण र हस्तक्षेपको प्रयास । यसका अतिरिक्त पूर्ण लोकतन्त्रको अपेक्षा र औपचारिक लोकतन्त्रको अभ्यास, सुशासित सभ्य राज्यको अपेक्षा र भ्रष्ट राज्य संयन्त्र जस्ता अन्तरविरोधहरू विद्यमान छन् । पार्टीको कार्यदिशाको मूल पक्ष भनेकै यी अन्तरविरोधहरूलाई हल गर्नु हो । धन्यवाद ।